



# खुशी









प्रकाशन
खुशी

विधा
घटना अध्ययन

प्रकाशक
लुमन्ति आवासको लागि सहयोग समुह

लेआउट तथा डिजाइन
रबिना महर्जन

सूचना संकलन
रबिना महर्जन
अनन्तराज बज्राचार्य

फोटो/सम्पादन
अनन्तराज बज्राचार्य

सुपरिवेक्षण
समा बज्र



LUMANTI
SUPPORT GROUP FOR SHELTER

लुमन्ति आवासको लागि सहयोग समुह
पोष्ट बक्स नं. १०५४६, काठमाडौं, नेपाल
टेलिफोन : ९७७१४६७३२८८
फ्याक्स : ९७७१४६७३२८७
इमेल :shelter@lumanti.org.np
वेबसाइट : http://www.lumanti.org.np


© LUMANTI 2014

# प्राक्कथन

## " खुशी "

एउटा चिटिक्क परेको घर बनाई आनन्दसंग बस्ने सपना कसले पो देखेको हुँदैन र? मानिस यही सपना साकार बनाउन संधै परिश्रम गरिरहेकै हुन्छ । कसैले आफ्नो परिश्रमको फल चाँडै पाउँछन् त कसैले हाड छाला घोटे पनि घर बनाउने उसको सपना मृगतृष्णा मात्र हुन्छ । सायद त्यसैले होला जीवनमा घर ठड्याउन सकेका जो कोहीले पनि आफ्नो मेहनतले बनाएको घरलाई स्वर्ग नै ठान्छन् । सानै भए पनि आफ्नो घरलाई सपनाको महत्व सम्झन्छन् ।

Case Study को संग्रह खुशी को लागि पोखरा, तानसेन र लेखनाथ नगर क्षेत्रका समुदायलाई लुमन्ति आवासको लागि सहयोग समूहले संचालन गरेको Community Led Infrastructure Finance Facility (CLIFF) आवास कार्यक्रमका लाभान्वित परिवारसंग प्रत्यक्ष कुराकानी गर्दा यही अनुभुति भयो । तिन शहरबाट संकलन गरिएका उत्कृष्ट, रोचक अनि उत्प्रेरक जीवनगाथाहरु यो संग्रह "खुशी"मा समावेश गरिएका छन् ।

"खुशी" जीवनको अधिकांश समय पसिना बगाएरै पनि आफ्नो घर ठड्याउन नसकेर हैरान भइसकेका ति विपन्न परिवारको तितो जीवनगाथा हो, जसको जीवन लुमन्तिको आवास कार्यक्रमका कारण पुर्ण रुपमा रुपान्तरण भएको छ ।

"खुशी" सामाजिक रुपान्तरणका त्यस्ता रोचक प्रसंगहरुको संग्रह हो जसमा नेपाली समाजमा आजको समयमा पनि व्याप्त जातीय भेदभावका कटु यथार्थ छ । अनि त्यही भेदभावपूर्ण यथार्थसंग गाँजिएको परिवारले आफ्नो घरको एउटा लालपूर्जा पाएपछि पाएको सामाजिक प्रतिष्ठाको रोमाञ्चक गाथा पनि यसैमा संग्रहित छ । तत्कालिन माओवादी द्वन्दका क्रममा विस्थापित परिवारको पीडा अनि त्यही माओवादी विद्रोहमा होमिएर आफ्नो जीवन दाउमा परेका युगल जोडीले शान्ती स्थापना पछि समाजमा पुन:स्थापनाको क्रममा लुमन्तिको आवास कार्यक्रम मार्फत उनीहरुले पाएको घर गर्दा उनीहरुको जीवनमा परेको प्रभावको रोचक प्रसंग पनि "खुशी"मा समेटिएको छ ।

समग्रमा "खुशी" घर हुँदा र नहुँदाको अवस्थामा नेपाली समाज भित्र देखिने मानवीय अनुभुति हो । घरसंग मानिसको नाताको यथार्थ चित्रण हो ।

# विषय सूची

पृष्ठ सङ्ख्या


| | | |
|---|---|---|
| १. | सामाजिक रुपान्तरण तर्फ उन्मुख वि.क परिवार | १ |
| २. | संघर्ष गरेपछि जीवनमा सफल भइदो रहेछ | ३ |
| ३. | सपनाको महत्व | ५ |
| ४. | भगवानले मेरै लागि घर बनाउने यस्तो सिस्टम पठाइदिएको हो कि जस्तो लाग्छ, सत्य राम राम | ७ |
| ५. | विभेदरहित सहयोग | ९ |
| ६. | मेरो घर मेरो लागि त स्वर्ग हो | ११ |
| ७. | नयाँ घरसंगै पलाएका आशाका किरणहरु | १३ |
| ८. | घरले ल्याएको खुशी | १५ |
| ९. | आफ्नै नयाँ घरमा सर्न आतुर छन् महतो परिवार | १७ |
| १०. | नयाँ परिवर्तन | १९ |
| ११. | मेरो घर - मेरो परिश्रमको उपहार | २१ |
| १२. | घरले बढाएको आत्मसम्मान | २३ |
| १३. | यो कार्यक्रमले गरिबी निवारण गरेको छ | २५ |

पृष्ठ सङ्ख्या

| | | |
|---|---|---|
| १४. | स्वर्गमा बसे जस्तो भएको छ | २७ |
| १५. | घर - सामाजिक सम्मानको एउटा पाटा | २९ |
| १६. | ऋणले हौसला दियो | ३१ |
| १७. | ऋण सहयोगले ल्याएको खुशी | ३३ |
| १८. | घर भएपछि बल्ल दिन फर्क्यो | ३५ |
| १९. | पोखरामा घर - सपनामा पनि नचिताएको कुरा | ३७ |
| २०. | खुसिका दिन आउला कि भन्ने आश | ३९ |
| २१. | सस्तो ब्याजी ऋण | ४१ |
| २२. | अहिले आफ्नै घर छ, ढुक्क भएको छ | ४३ |
| २३. | गरिबलाई बैंकले लोन दिँदैन | ४५ |

# सामाजिक रुपान्तरण तर्फ उन्मुख बि.क परिवार



कति कुरा बुझेर त कति कुरा नबुझेरै पनि माओवादीले आव्हान गरेका सशस्त्र क्रान्तिमा होमिएका नयनसरा बुढाले आफ्नो जीवनको १० वर्ष माओवादी लडाकुका रुपमा जनयुद्धमा बिताएका दिन आज पनि झल्झली सम्झन्छिन् । "पहाडतिर माओवादीहरु धेरै चर्चामा थिए । घर घरमा सकेसम्म दुई तीनवटा माओवादी हुन्थे नभएपनि घरमा एउटा माओवादी हुन्थे । एक छिन घरको काम गर्ने हो भने एक दुई घण्टा माओवादीको कार्यक्रममा जानै पर्‍यो ।" युद्धका दिन सम्झदै उनले थपिन् "कोही हाम्रा साथीहरु सँगै हिड्दै बोल्दै हाँस्दै गर्दा गर्दै आँखा अगाडी नै ढलेर गएका छन् । अब हामी बाँचेर यहाँ आयौं, हामी पनि हिजो बाँच्थ्यौं बाच्थेनौं भन्ने कुरा कुनै निश्चित थिएन । हाम्रो जीवनको कुनै ग्यारेन्टी थिएन ।"

> "हाम्रो जीवनको कुनै ग्यारेन्टी थिएन ।"



त्यही समयमा उनको भेट अर्का माओवादी लडाकु अनिपाल बि.क.संग भयो र दुई बिच मन मिलेपछि हाइकमाण्डको स्विकृतिमा उनीहरुको विवाह भयो । राज्यमा फैलिएको द्वन्दको अन्त्य गर्दै शान्ति प्रकृया अगाडी बढेपछि क्याम्प भित्रै जन्मिएका उनीहरुका सन्तानको भविष्यको लागि उनीहरुले माओवादी लडाकुको भूमिकाबाट सन्यास लिने निर्णय गरे । अवकास पछिको अन्यौल बीचका आफ्ना योजनाहरु सुनाउँदै उनले थपिन् "अवकास पछि हामी ३-४ महिना जति कालिकोट गएर बितायौं ... व्यापार तिर लाग्ने विचारले त्यतै तिर पनि लाग्यौ ...आफ्नै गाऊँ घर, त्यति राम्रो चलेन । अलि अलि पैसा थियो, सुर्खेत तिर जाने प्लान थियो तर पछि कोहलपुर, रम्झेना जाने सल्लाह भयो र यहाँ आयौं ।"

रम्फेनामा आइपुगिसकेपछि वि.क दम्पतीले आफ्ना नातेदार मार्फत त्यहीं सानो ऐलानी जमिन जोडिन् र छाप्रो बनाएर टाउको लुकाउने ठाउँ सम्म बनाउन सकिन् । दुःखका दिन सम्झँदै उनले भनिन् "त्यति बेला पुरानो घर थियो । पानी चुहिन्थ्यो, हावा हुरीले पनि धेरै क्षति पुऱ्याउँथ्यो .... दुःख कष्ट धेरै गरेर दिन बितायौं ... पानी चुहिने ठाउँमा टाल्ने, हावा हुरीबाट बचाउने ... बर्षा भरि धेरै कष्ट नै गर्नु पऱ्यो ।"

> **"समाजमा आएर जनताको बीचमा बस्दा हामीलाई अहिले धेरै नयाँ र नौलो अनुभव भइरहेको छ ।"**



सुमन्ति आवासको लागि सहयोग समूहले आवासको लागि ऋण सहयोग जुटाएपछि अहिले शान्तसँग बस्न पाएकोमा आफ्नो परिवार निकै राम्रोसँग बसेको बताउँदै उनले थपिन् "यस्ता कुराहरुको हामीलाई कुनै पनि कल्पना थिएन । यसरी घरजम गरेर बस्छौं भन्ने कुरा हामीलाई थाहा पनि थिएन । समाजमा आएर जनताको बीचमा बस्दा हामीलाई अहिले धेरै नयाँ र नौलो अनुभव भइरहेको छ ।" संस्थाले ल्याएको आवास कार्यक्रम गरिब र विपन्नका लागि अति उपयोग भएको र यस्तो कार्यक्रम समाजका अन्य विपन्न परिवारहरुका लागि पनि पुग्नु पर्ने उनको ठहर छ । आफ्ना दुःखका दिनलाई सम्झँदै उनले अन्तमा आफ्नो मनोकांक्षा यसरी व्यक्त गरिन् "अब कुनै तिर नलागेर रोजगारी तिर लागेर आफ्नो छोरा छोरीको भविष्य अगाडी बढाउन पाए हुन्थ्यो ... आफू अगाडी बढ्न पाए हुन्थ्यो जस्तो हामीलाई लागि रहेको छ । अब विगतका दिनहरु सम्झेर पनि भएन .... ति दिनहरुलाई बिर्सेर सबैसंग घुलमिल गरि कसरी अगाडी बढ्ने भन्ने हामीलाई लागि रहेको छ ।"

# संघर्ष गरेपछि जीवनमा सफल भइदो रहेछ - डोरकली भण्डारी



आफ्नो पति प्रहरी सेवामा भएकै कारण आफ्नो गाउँ सल्यान छोड्नु परेको दुःख डोरकली भण्डारीले अर्फै भुलेकी छैनन् । "मेरो श्रीमानलाई छिटो ल्या भनेर बुबालाई ६-७ दिनसम्म बेपत्ता गराइदिए .......त्यतिबेला श्रीमान कहाँ हुन्थ्यो हामीलाई पनि थाहा हुँदैन थियो ....... बुबालाई फर्काउन सक्यौं तर दुई चोटी गरेर १५-२० हजार जति तिरे जस्तो लाग्छ ..... माग्न त ५० हजार मागेका थिए ... साह्रै समस्या पर्‍यो अनि हामी यहाँ आयौं ।" उनी सम्झन्छिन् । त्यतिबेला सल्यानमा रहँदा माओवादी पार्टीको धम्की र चन्दा आतंक बीच बाँच्न नै कठिन भएपछि भण्डारी आफ्नो एक छोरा सहित सात वर्ष अगाडी कोहलपुर झरेका हुन् । माओवादीले प्रहरी सेवामा जागिरे आफ्ना पतिलाई माओवादीमा बुझाउन दिएको धम्की र त्यस पछि आफ्ना ससुरालाई अपहरण गरि बेपत्ता पार्दा रकम तिरेर छुटाउनु परेको घटना आज पनि उनको मस्तिस्कमा ताजा नै छ । उनी सल्यानमा रहँदा स्थानीय विद्यालयमा शिक्षिकाको काम गर्थिन् । त्यस बखत पनि विद्यालयबाट नै जबरजस्ती माओवादीको कार्यक्रममा जानै पर्ने गरि दिइने दबाब अनि घरमा कार्यकर्ता भेला गरेर खाना खुवाउनु पर्ने जस्ता अनेक समस्या उनको लागि त्यति सहज नभएका उनले बताइन् ।

> “सुख भएपछि सबै आफ्नै हुन्छ र दुःख पर्दा आफ्नो कोही हुँदा रहेनछ । सहयोग गर्ने मान्छे नै हुँदैन जस्तो लाग्यो ।”

कोहलपुर आइसकेपछि पनि उनको जीवन सोचे जस्तो सुखमय भने भएन । कोहलपुरमा सात वर्ष कोठा भाडामा बस्ने क्रममा आफूले धेरै दुःख र अर्काको भनाइ सहनु परेको उनी बताउँछिन् - "अहिले पनि त्यस बेला छरछिमेक र आफन्तजनले भनेका कुराहरु र गरेका व्यवहारहरु सम्झन्छु र दुःख लाग्छ । त्यति बेला एक जनाको तलब, कोठा भाडा तिर्ने, बालबच्चा पढाउने, घर चलाउने निकै गाह्रो भएको थियो । कसैले ऋण पनि नपत्याउने ... अर्काको सम्पती खाएर कसलाई पर्‍यो र ... तिर्नै पर्‍यो ।"

स्थानीय बसोबास महिला बचत तथा ऋण सहकारी संस्था मार्फत लुमन्तिको सहयोगबाट आवास कर्जा पाए पछि अहिले डोरकली भण्डारीको मसुरीखेत, कोलपुरमा आफ्नै जग्गा छ, आफ्नै सानो घर छ जुन उनको लागि महल सरह मान्छिन् । आफ्नो जीवनमा यस्तो घर र जग्गाको कहिल्यै कल्पना नगरेका डोरकलीले यो उनको घरलाई लामो संघर्ष पछाडीको फलका रुपमा लिएकी छिन् । आफ्नो संघर्षको कथा सम्झदै उनले लामो सुस्केरा हालिन् र जिन्दगीलाई यसरी परिभाषित गरिन् - "जिन्दगी भनेको दुःख र सुखको संघर्ष रहेछ जस्तो लाग्यो । संघर्ष गरेपछि जीवनमा सफल भइदो रहेछ भन्ने लाग्यो । सुख भएपछि सबै आफ्नै हुन्छ र दुःख पर्दा आफ्नो कोही हुँदा रहेनछ । सहयोग गर्ने मान्छे नै हुँदैन जस्तो लाग्यो ।"





# सपनाको महल

आफना एक छोरी र एक छोरासँग विगत १७ वर्षदेखि पोखराको मालेपाटनमा कोठा भाडामा लिएर बस्दै आएका शान्ता परियार अब केही समयमा नै आफ्नै घरमा बस्न पाउने भएपछि निकै दंग छिन् ।

> **"अहिले शान्ता परियारको बलियो भरोसा नै छोरी कुञ्जिनी भएको छ ।"**

आफ्नो जीवनमा हुन लागेको एकाएकको यो परिवर्तनले एकातर्फ परियार परिवारको खुशीको सिमा छैन भने अर्को तर्फ उनीहरुले विगतमा भोग्नु परेको दुःख पनि मानसपटलमा ताजा नै छ। पोखरा जस्तो शहरमा एक्लैले आफ्नो सानो छोरीलाई हुर्काउनु, बढाउनु र पढाउनु त्यति सहज काम थिएन । आफ्ना पतिले कान्छी विवाह गरेपछि शान्ता परियार बालबच्चा सहित छुट्टै बस्दै आएकी हुन् । आफ्ना ति दिनलाई सुनाउँदै शान्ता धरधरी रोइन् -"सानै थिइन नानी ... लुम्ले तिरको फर्ममा गोलभेडा टिप्ने काम थालें ...यसलाई झोलुंगो जस्ता बनाएर राखें र दिनभरि गोलभेडा टिपें ..तिजको दर खाने दिन थियो ... गोलभेडा लगेर लेदो बनाएर खाएं .... मलाई जिन्दगीमा सबै भन्दा दुःख त्यही लाग्छ ।" आमाले भोगेको त्यो दुःखलाई सायद सानै देखि चुपचाप हेरिबसेकी अबोध कुञ्जिनीले आफूलाई थाम्न सकिनन् र बर्बरी आँसु झार्दै भनिन् - "मैले राम्ररी पनि थाहा पाउँदिन बाबाले छोडेर गएको ...त्यहाँबाट ममिले धेरै नै मेहनत गर्नु भयो .... ममिको सपना पुरा गर्न मैले पनि मेहनत गर्न कोशिश गरेको छु ।" अहिले शान्ता परियारको बलियो भरोसा नै छोरी कुञ्जिनी भएको छ ।

आफ्नो नयाँ घरमा सर्दाको दिनको कल्पना गर्दै कुञ्जिनी आँखा रसाउँदै भनिन् "जति पनि मेरो ममिले सपना देख्नु भयो, पोखरामा आफ्नै घर ... त्यो पुरा भएको दिन पक्कै पनि रोइन्छ होला र फेरि अर्को कुरा अझै धेरै गर्नु छ ... संघर्ष बाँकी छ ... घर अझै बैंकमा नै ... यो छुटाउनु छ भनेर हिम्मत बढ्छ भनेर कल्पना पनि गरेको छु।" यति भन्दा भन्दै उनी फेरि विगत सम्झन्छिन् - "पोखरामा नै आफ्नो अवस्था केही राम्रो भयो भने एकदम राम्रो हुन्छ भनि सोच्यौं, त्यतिखेर कहाँबाट संयोगवस यो कार्यक्रम आयो ... एकदम मै खुशी लागिरहेछ। अकस्मात रुपमा यसरी जग्गा हुने त्यसपछि घर हुने ... यो सबै मेरो लागि सपना भन्दा कम छैन।" उनी दंग पर्दै थप्छिन् -"यति छिटो परिवर्तन भयो कि जुन को अपेक्षा पनि हामीले गरेका थिएनौं। लुमन्ति आवासको लागि सहयोग समूहले पोखरा उपमहानगरपालिकामा संचालन गरिरहेको न्यून आय भएका परिवारका लागि आवास कार्यक्रमका कारण यो सम्भव भएको हो।



शान्ता परियारको परिवार अब छिट्टै नै पोखरा चाउथे स्थित समावेशी टोलमा निर्माण सम्पन्न हुन गइरहेको आफ्नै घरमा सर्दैछन्। आफूहरु यसरी नयाँ घरमा सर्न लागेको थाहा भएपछि वरपरका मानिसहरुको उनीहरु प्रतिको व्यवहारमा पनि सकारात्मक परिवर्तन महसुस गरेकी छिन् कुञ्जिनीले। "अब चाउथे जान लागेपछि बल्ल यहाँको मान्छेहरुले थिनीहरुले पनि ऋण मै भएपनि केही गर्न खोजेका रहेछन् भनेर सोचेका महसुस भएको छ ... सम्मानको दृष्टि पनि फरक भएको हो कि जस्तो लागेको छ। यहाँ हुँदासम्म हाम्रो कुनै पनि महत्व कहिले पनि देखिएन सामाजिक कार्यहरुमा पनि ... भाडामा बस्ने त हुन् कि भनेर ...कतिपय अवस्थामा जातको कारणले गर्दा पनि घर छोड्नु पर्ने अवस्था भयो ... त्यति खेर आफ्नै घर किन भइ दिएन होला भन्ने हुन्थ्यो।"



जसरी तसरी ऋण नै गरेर भएपनि लामो संघर्ष पछि परियार परिवारको अब आफ्नै घर हुने भएको छ। उनीहरु आफ्नो यो घरलाई सपनाको महल नै भएको छ। कुञ्जिनी थप्छिन् -"अरुको लागि त्यो घर चार लाखको झुपडी होला तर मेरो लागि त्यो घर सपनाको महल हो।" यसरी भन्दै गर्दा उनको अनुहारमा एक किसिमको अनौठो चमक थियो, सन्तुष्टि थियो।

# भगवानले मेरै लागि घर बनाउने यस्तो सिस्टम पठाइदिएको हो कि जस्तो लाग्छ ।

"भगवानले मेरै लागि घर बनाउने यस्तो सिस्टम पठाइदिएको हो कि जस्तो लाग्छ, सत्य राम राम । नत्र मेरा हालत त के थियो र !" लुमन्ति आवासको लागि सहयोग समूहको सहयोगमा स्थानीय बैंकबाट सस्तो ब्याजदरमा सरल र सहज कर्जा पाएपछि घर बनाउन सकेका लेखनाथ निवासी अधिराजकुमारी कुँवर आफ्नो खुशी बाँड्दै थिइन् ।



बुवाले जोडिदिएको एक टुका जमिन भएपनि आर्थिक अवस्था निकै कमजोर भएको कारण उनले घर बनाउन सकेकी थिइनन् । "दिदी भिनाजुको घरमा बस्यौं । कहिले काहीं कलह भयो भने पनि कसैले सानो कुरा भन्दा पनि चरर मन दुख्यो, रुन मन लाग्थ्यो । आफ्नै घर बनाउन पाएको भए भन्ने जस्तो लाग्थ्यो । तर अहिले आनन्द भएको छ ।" विगतका दुःख साट्दा साट्दै अधिराजकुमारी एकाएक भक्कानिए ।

लेखनाथमा नै जन्मिएका अधिराजकुमारी कुँवरको विवाह जुम्लाका एक युवासंग भएको थियो । विवाह पश्चात केही वर्ष जुम्लामा नै बिताएपनि उनी पछि लेखनाथ फर्किए । नेपाल प्रहरीका जागिरे उनका पति दुर्व्यसनमा फसेपछि नोकरी छोडे र त्यसपछि उनका दुःखका दिन सुरु भयो । तर पछि आफ्नो भाइको सहयोगले उनका बुवाले उनको नाममा जग्गा दिए र घर बनाउन लुमन्ति मार्फत बैंकबाट सहयोग पाए पछि बनाउन लुमन्ति मार्फत बैंकबाट सहयोग पाए पछि उनको जीवनमा परिवर्तन भएको उनी बताउँछिन् -"सुरुमा त बुढाले पनि हेला गर्थे । अहिले त्यस्तो छैन, बरु उल्टो म गाली गर्छु । आफ्नै नाममा घर भएपछि आँट भने बढेको छ ।" लुमन्तिको सहयोगमा घर बनाउनको लागि दुई लाख ऋण पाएपछि आफूमा हिम्मत आएको र थप केही ऋण नै लिएर भए पनि घर ठड्याउन सकेकोमा अधिराजकुमारी प्रफुल्ल छिन् । उनी भन्दै थिए -"हाम्रो आफ्नै पैसा खर्च भए पनि आँट र साहस भने त्यही दुई लाखले नै दिएको हो । त्यो पैसा नआए सम्म के आँट आउँथ्यो नि ! त्यसले नै हो हामीलाई यतिको बास बनाएको । हामीलाई त कहिले छुट्टिएर आ-आफ्नै घर गरेर बस्न पाए भन्ने हुन्थ्यो पहिला !"




अहिले अधिराजकुमारीको २ कोठा १ भान्छा सहितको एउटा आफ्नै घर छ। सुरुमा दुई लाखमा घर बनाउने भन्दा भाई लगायत समुदायका सबैले खिल्ली उडाएको कुरा उनी आज पनि सम्झन्छिन्। अहिले छर छिमेक र आफन्तले उनको घर देखेर अचम्ममा पर्ने गरेको उनी खुशी साथ बाँड्छिन्। उनी भन्दै थिइन् -"मुमाले धरी आँट्नु भएको छ यस्तै घर बनाउन भाइको लागि। अरु अरु पनि दंग परेका छन् अधिराजकुमारीको घर सोच्दै नसोचेको जस्तो बन्यो भनेर ..।"

# विभेदरहित सहयोग

सुर्खेत निवासी दयाराम अधिकारी केही समय अगाडी सम्म कामको सिलसिलमा भारतमा बस्दै आएका थिए। भारतमा नै रहँदा उनी गम्भीर दुर्घटनामा परे जसको कारण उनको कम्मर मुनिको भाग नचल्ने अवस्थामा पुगे र उनी स्वदेश फर्के। ह्वीलचियरको सहारमा जीवन बिताउनु परेपछि दयारामको लागि सुर्खेत जस्तो पहाडी इलाका उपयुक्त भएन र उनले मधेश बसाई सर्ने निधो गर्नु पर्‍यो। उनी भन्दै थिए - "म शारिरीक रुपले अशक्त भएपछि पहाडको ठाउँ मेरो लागि ... ह्वीलचियर प्रयोग गर्नु पर्ने ... असहज भयो, त्यसकारण यतातिर बसाई सरेर आइयो।"





कोहलपुर आइसकेपछि हजुरबुवाले पहिलानै केही पैसा खर्चेर जोड्नु भएको ऐलानी जग्गामा टाउको लुकाउने ठाउँको व्यवस्था त गरे तर त्यो छाप्रो तराई जस्तो हावा हुरी र पानी आउने ठाउँमा त्यति सुरक्षित भने पक्कै थिएन। वर्षाको समयमा दिनहुँ जसो हावाहुरी र पानीसंग जुध्नु पर्ने उनको परिवारको दैनिकी जस्तै भएको थियो। उनले भने -"त्यतिखेर त धेरै गाह्रो थियो। वर्षाको बेला उँधोबाट चिसो आउने, म त झन ह्वीलचियरमा भित्र बाहिर गर्नु पर्ने ...

> "दिउँसो हावाहुरीले पाली उडाएर माथिको ढुंगा सबै मेरा खाटमा"

उधेर परिवारलाई सफा गर्नको लागि कति हो कति दुःख। जेठ मास हावाहुरी लाग्दा जुरुक जुरुक हुने ... कति खेर लग्छ भनेर रातभर न सुताई न के ..."

वर्षायामको एक दिन उनले झण्डै ज्यान नै गुमाउनु परेको थियो। ठूलो हुरीले उनको पाली उडायो र पाली माथि राखिएको ठूलठूला ढुंगाहरु उनको खाटमा नै खसेको थियो। उनले घटना सम्झे - "दिउँसोमा भएर मात्रै बाँचेको भयो ... म बाहिर पालीमा सुत्थें, दिउँसो मेरो सिलाई कटाईको तालिम

सुरु मात्र भएको थियो ... म उतै थिए ... दिउँसो हावाहुरीले पाली उडाएर माथिको ढुंगा सबै मेरा खाटमा ... यदि राती त्यस्तो भइदिएको भए म त न उठेर भाग्न सक्थे न केही ...!"



अहिले लुमन्ति आवासको लागि सहयोग समूहको सहयोगमा स्थानीय सहकारीबाट प्राप्त १ लाख ५० हजार रुपैंया ऋण सहयोग र केही आफ्नो लगानी गरि दयारामले घर बनाएका छन् । उनी भन्छन् - "जे होस घर तयार गरियो, एक हिसाबले राम्रै लागिरहेछ । महिना महिनामा तिरिराखिन्छ ... जे होस् अहिले घर बन्दकी जस्तो भए पनि तिरिभ्याए पछि आफू पनि एउटा घरमा छु भन्ने लाग्छ ।"

दयारामले यसरी घर बनाउला र बसुँला भनेर कहिल्यै बिचार गरेका थिएनन् न त उनले कतैबाट यस्तो सरल र सस्तो ब्याजदरमा ऋण पाउने कल्पना गरेका थिए । "एकै चोटि पैसा जम्मा गरेर घर बनाउछु भन्ने हो भने पैसा राख्यो, एउटा समस्या पर्‍यो उतातिर पैसा चलायो, पैसा कहिल्यै जम्मा हुँदैन घर पनि कहिल्यै बन्दैन... सम्भव नै थिएन ।"

> "उनले अपांगमैत्री शौचालयको लागि पनि ऋण सहयोग पाएकोले थप सजिलो भएको उनले बताए ।"

उनी जस्तो शारिरीक रुपमा अशक्तलाई पनि कार्यक्रमले समेट्नु नै कार्यक्रमको सुन्दर पक्ष रहेको उनले बताए । उनले अपांगमैत्री शौचालयको लागि पनि ऋण सहयोग पाएकोले थप सजिलो भएको उनले बताए । कार्यक्रमले समुदायका विपन्न परिवार र भूमिहीनहरुलाई पनि आवास निर्माणको लागि ऋण सहयोग गरेको र आफू पनि साही वर्गमा परेको पनि बताए ।

# मेरो घर मेरो लागि त स्वर्गै हो !







"मेरो घर मेरो लागि त स्वर्गै हो ! एउटा झुपडीमा हुर्केको मान्छे महल देख्दा स्वर्ग हुँदैन त! मेरो लागि स्वर्ग नै हो ! " तानसेनका प्रेम बिकले आफ्नो नयाँ घरमा परिवारलाई सारेपछि आफ्नो खुशी यसरी व्यक्त गरेका थिए । प्रेम बिक त एक जना प्रतिनिधी पात्र मात्र हुन् । उनी भन्दै थिए - "राम्रो घरमा मिठो खाना र स्वच्छ वातावरणमा बस्न कसलाई मन लाग्दैन र ! चाहाना त थियो तर सकिएको थिएन ।" प्रेम बिक जस्ता कयौं परिवार छन् तानसेनमा जो एउटा सुरक्षित र समृद्ध घर बनाउन नसकेर सानो ठाउँमा कोच्चिएर बस्न बाध्य छन् ।

लुमन्ति आवासको लागि सहयोग समूहको सहयोगमा बैंकबाट सुलभ र सस्तो ब्याजदरमा ऋण सहयोग पाए पछि तानसेनको विपन्न समुदायका प्रेम बिकले आफ्नो घर बनाउन सकेका हुन् । बिक भन्दै थिए -"म साह्रै निम्न स्तरको मान्छे हुँ । मलाई साँझ बिहान जुटाएर खान पनि साह्रै मुश्किल थियो । मेरो आमाले दिन भरि मेलो पातो गरेर मलाई एक मानो खर्जो ल्याएर हामीलाई पकाएर खुवाउनु हुन्थ्यो ।" राम्रो घरमा बस्ने चाहाना हुँदा हुँदै पनि आर्थिक अभावका कारण घर बनाउन भने बिक परिवारले सकेको थिएन जसले गर्दा उनको चार जनाको परिवार एउटा सानो छाप्रोमा खुम्चिनु परेको थियो । उनले भन्दै थिए -"घर बनाउने चाहाना त थियो तर सकिएको थिएन । नसक्दा नसक्दै पनि बनाउला भन्ने आशा त धेरै वर्ष

अगाडी देखि नै थियो । तर अहिले आएर घर बनाउने सपना साकार भएको छ ।"

घर बनाउन बैंक मार्फत सस्तो ब्याजदरमा ऋण पाउने भएपछि बिकले आफ्नो परिवारमा मात्र नभएर समुदायको अन्य परिवारमा पनि गएर सल्लाह गरि योजना बनाएको र लुमन्तिले प्राविधिक सल्लाह दिएपछि घर बनाउन अरु सहज भएको बताए । "हामी थियो जोश थियो, जाँगर थियो ... उहाँहरु (लुमन्ति)ले पैसा दिनु भएको थियो, सबै राम्रो भयो । एक्लै गर्नु पर्ने भए कति बाधा पर्थ्यो ... उहाँहरुले प्राविधिक पठाइदिएर सल्लाह दिनु भएको छ ... कति सजिलो भयो ।"



अहिले बिकले आफ्नो नयाँ घर बनाइसकेको छ र सबै परिवार पनि नयाँ घरमा सरिसकेका छन् । नयाँ घरमा सजिलो गरि बस्न पाएकोमा बिकको परिवार निकै दंग छ । लुमन्तिले तानसेनमा न्यून आय भएका परिवारका लागि सरल र सस्तो ब्याजदरमा बैंक मार्फत ऋण लगानी गराई विपन्न परिवारलाई आवास कार्यक्रम बनाउनको लागि एउटा सही बाटो देखाइदिए पछि जोश जाँगर आएको बिक बताउनु हुन्छ । "नयाँ घर बनाएरै बस्ने मनसाय हाम्रो थिएन, यसैलाई मर्मत गर्ने र बस्ने भन्ने इच्छा थियो । यो संस्थाले हामीलाई राम्रो बाटो तिर डोर्‍याएर सपना साकार बनाइदिएको छ ।" बिकले खुशी हुँदै फेरि थप्छन् -"अब नसकिएको अवस्था घर बनाउन पाउँदा खुशी नै लाग्यो । न्यूनतम ब्याज, धेरै वर्षमा थोरै थोरै गरेर तिर्न पाउने, हामी जस्तो गरिबलाई आएका त होलान् नि भनेर हामीलाई भित्रैबाट इच्छा जागेर आयो र घर पनि बन्यो ।"

> "नयाँ घर बनाएरै बस्ने मनसाय हाम्रो थिएन, यसैलाई मर्मत गर्ने र बस्ने भन्ने इच्छा थियो ।"

# नयाँ घरसंगै पलाएका आशाका किरणहरु



अप्रिल १८, २०१३ का दिन बर्दियाको बेलुवा - ७ स्थित बबई गाउँमा लागेको आगोले भेषराज आचार्यको सम्पती सहित घरबार जलेर नष्ट भयो । गाउँको ८३ परिवार नै विचल्लीमा पर्ने गरि भएको आगलागी पछि आचार्य परिवार त्यहाँबाट विस्थापित भई कोहलपुरमा बसाई सर्नु पर्‍यो । आगलागीको घटना भन्दै गर्दा भेषराजको गला एकाएक अवरुद्ध भयो र आँखा रसाएको थियो । उनी भन्दै थिए -"गएको वैशाख ३ गते बबईमा आगलागी भयो । आफ्नो गरिरहेको पेसा, व्यवसाय सबै ध्वस्त भयो, सरसामान सहित लत्ता कपडा केही रहेन । .... बबई गएर नुहायौं । नुहाएर ...त्यो कपडा निचोरेर नजिकै ढुङ्गा माथि राख्यौं ...कपडा नसुकेसम्म हामी नदी भित्रै बस्यौं ।"

> **अब घर बनाउनको लागि आय श्रोत केही थिएन ।**

आगलागीको घटना पनि उनीहरु १६-१७ दिन सम्म नजिकैको विद्यालयको शरण परेको थियो जहाँ रेडक्रस लगायतका संघसंस्थाहरुले केही लत्ता कपडा तथा खाद्यान्न उपलब्ध गराएका थिए । विद्यालयको पढाई सुचालु हुने भएपछि उनीहरु त्यहाँबाट पनि हट्न बाध्य भए र उनीहरु कोहलपुरमा बसाई सरे जहाँ उनीहरुको सानो जग्गा रहेको छ । "जमिनमा सानो सानो कटेरा हालेर बसौंला भन्ने पनि त्यस्तो केही सोच थिएन । नजिकमा बसौं ... तरकारी लगाउँला भन्ने मात्र सोंच थियो ... अब घर बनाउनको लागि आय श्रोत केही थिएन ।" आचार्यले आफ्नो संघर्षको कथा सुनाउँदै थिए ।

आफ्नो नाममा सानो टुक्रा जग्गा भएपनि आर्थिक अभावका कारण घर बनाउन नसकेका कारण परिवार सहित आचार्य जग्गा नजिकैको घरमा सानो कोठा भाडामा लिएर खुम्चिनु परेको थियो । भाडामा बस्दा पनि उनीहरुले निकै कष्ट र दुःखहरु सहन परेको बृतान्त सुनाउँदै भेषराजकी पत्नी बिनिता पाण्डे भन्दै थिइन् -"यहीं आइसके पछि पनि हामीलाई धेरै समस्या भयो । हावाले बसेको घर फाल्दियो .... त्यसपछि बाहिर बस्नु पर्‍यो... कहिले कहाँ ... कहिले कहाँ ।"



> "यही आइसके पछि पनि हामीलाई धेरै समस्या भयो ।"

उनीहरुको जीवनका आइपरेको विपत्तीका कारण ठूली छोरी अहिले पनि कहिले कांही हावा हुरी आउँदा तर्सिने गरेको र यसले आचार्य दम्पतीलाई निकै पीडा हुने बिनिताले बताइन् - "ठूली नानीले ... अब घर पनि छैन ममि हामीले के गरि खाने हो ...मैले के गरि पढ्ने हो ...मेरो कापी किताप झोला सबै जलि गयो ... अब के गरि गरौं भन्ने कुरा अहिले पनि गर्छ । अहिले पनि हावा हुरी लाग्दा, अलिकति आगो बल्दा ... ममि अहिले पनि आगो लाग्ने हो कि बाहिर गएर बसौं भन्ने कुराहरु गर्छन नानीले ।" पत्नी बिनिताको कुरालाई जोड्दै भेषराजले भने -"पहिलाको कुरालाई बिर्सेर नयाँ कुरा केही गरौं भन्ने सोंच मात्र हुन्थ्यो, कल्पना हुन्थ्यो .... रातभरि छट्पटीयो .... अब दुई जना बुढाबुढी यसो गरे हुन्थ्यो कि, उसो गरे हुन्थ्यो कि ... हाम्रो आधा रात त यसैमा बित्थ्यो ।"

लुमन्ति आवासको लागि सहयोग समूहले स्थानीय महिला सहकारी मार्फत सहज र सस्तो ब्याजदरमा आवास कर्जा उपलब्ध गराएपछि भने आचार्य दम्पतीले राहतको सास फेरेका छन् । उनीहरुले जीवनका फेरि आशाका किरणहरु देख्न थालेका छन् । "यसरी घर बनाएर बसौंला भनेर हामीले कहिल्यै पनि सोचेका पनि थिएनौं, सायद अब हुन्न होला जस्तो लाग्थ्यो हामीलाई तर आज यो संस्था (लुमन्ति)ले आएर यस्तरी सहयोग गर्‍यो कि हामीलाई लाग्छ कि अब केही गर्न सक्छौं कि जस्तो लाग्छ ।" बिनिताले भनिन् । उनीले थपिन् -"भाडामा बसिसके पछि कहिले घरपतिको किचकिच ... आज भाडा छैन भोलि दिन्छु भन्दा निस्किजाऊ तिमिहरु हाम्रो घरमा नबस भनेर भन्ने जस्ता बचनहरु ... त्यो भन्दा अहिले यति खुशी लागेको छ कि सानो भए पनि आफ्नो घर बन्न लागेको छ भनेर खुशी छु ।" पत्नी बिनिताको कुरालाई सदर गर्दै भेषराजले पनि फेरि आफुले यसरी घर बनाउन सकिएला भनेर कल्पना पनि नगरेको र अहिले लुमन्तिको सहयोग पाएर घर बनाउने आफ्नो सपना पुरा भएको बताए ।



# घरले ल्याएको खुशी

बजारमा एउटा घडेरी किन्ने भित्रै देखिको चाहाना थियो नेपाल प्रहरीका जागिरे राम बहादुर कुँवरको । उनको यही चाहाना अनुरुप कुँवरले आफन्त र बैंकबाट केही ऋण गरेर लेखनाथ नगरपालिका भित्र आफूले सोचे जस्तै घडेरी त किने तर त्यहाँ घर बनाउन भने सकेको थिएन । "चार वर्ष पछि म रिटाइर भए पछि पहिलाको जग्गाको ऋण तिरेपछि अलि अलि पैसा जोडेर घर बनाउला भन्ने बिचार थियो । अहिले हजुरहरु (लुमन्ति) बाट सहयोग भए पछि दुवैका. सल्लाहमा यतिसम्मको घर तयार भयो ।" राम बहादुर कुँवर भन्दै थिए ।

**राम बहादुरले भनो -'ऋण त छ, अब भए पनि मैले तिर्दैछु, तिर्न सक्छु भन्ने विश्वास छ । यो घरको लागि संस्थाले जुन सहयोग गरेको छ त्यसको लागि म एकदम खुशी छु ।'**

घडेरीको लागि बैंक र आफन्तबाट लिएको ऋण चुक्ता गरिसके पछि मात्र थप ऋण लिएर घर बनाउने सोचमा रहेका राम बहादुरको घर बनाउने सपना तब मात्र साकार भयो जब लुमन्ति आवासको लागि सहयोग समूहले न्यून आय भएका परिवारका लागि बैंक मार्फत सस्तो ब्याज दरमा सुलभ कर्जा उपलब्ध गराउने भए ।

संस्थाले बैंक मार्फत आवास निर्माणको लागि सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउने खबर पाएपछि मात्र राम बहादुरकी पत्नी अञ्जु गाऊँबाट शहर झरेका थिइन् । शहरमा आएपछि अञ्जुले आवास कर्जाका विषयमा सबै विस्तृत बुझिन् र थप ऋण लिएरै भए पनि घर ठड्याउने विचार गरि आफ्ना पतिसंग सल्लाह गरिन् । "हामी जस्तो नसक्नेलाई दुई लाख रुपैंया ऋण दिएकोमा ब्याज कम छ, त्यसमा म आफैले पनि त्यति पैसा केही गरेर तिर्न सक्छु भन्ने आँटले नै आएको ..." अञ्जुले भनिन् ।



ऋणको बोझ भए पनि बजारको नजिक शहरमा आफ्नै घर भएकोमा कुँवर दम्पती निकै खुशी छन् । राम बहादुरले भने -"ऋण त छ, अब भए पनि मैले तिर्दैछु, तिर्न सक्छु भन्ने विश्वास छ । यो घरको लागि संस्थाले जुन सहयोग गरेको छ त्यसको लागि म एकदम खुशी छु ।"

**"हामी जस्तो नसक्नेलाई दुई लाख रुपैया ऋण दिएकोमा ब्याज कम छ, त्यसमा म आफैले पनि त्यति पैसा केही गरेर तिर्न सक्छु भन्ने आटले नै आएको ... अञ्जुले भनिन्"**

# आफ्नै नयाँ घरमा सर्न आतुर छन् महतो परिवार



नवलपरासी घर भएका भिमाकुमारी महतोको सानैमा विवाह भयो र सानैमा बालबच्चाहरु पनि भए । पतिको जागिर थिएन, गाउँमै खेती किसानी गरेर बसेका थिए उनीहरु । कमाई नभएपछि घरमा पनि सबैको हेला सहनु परेपछि उनीहरु नयाँ जीवनको सपना बोकेर २०५९ साल मंसिरमा पोखरा आइपुगे ।

त्यसबेला मासिक ६ सय रुँपैया कोठा भाडा, चार जनाको परिवार - पोखरा जस्तो शहरमा दुई जना छोरालाई पढाएर राम्रो जीवन दिनु त्यति सजिलो थिएन । पोखरामै मेहनत गरेर घडेर खरिद गरि सानो घर बनाउने सपना बोकेका उनीहरुले थोरै थोरै बचत गरेर राखेको केही पैसा र केही थप ऋण गरि सानो फर्निचर उद्योगसम्म सुरु गरे । अहिले भिमाकुमारीका दुवै छोराहरु स्कूल जान्छन्, पतिको आफ्नै फर्निचर व्यवसाय छ र उनी आफै सिलाई पनि गर्छिन् ।

> "कमाई नभएपछि घरमा पनि सबैको हेला सहनु परेपछि"

एघार वर्षमा कोठा भाडा बढेर पन्ध्र सय पुगेको छ । छोराहरु हुर्के पनि पहिलाको सानो कोठा नपुगेर अलि ठूलो कोठामा सरेका छन् । एउटा कोठामा एक कुनामा भान्छा छ र त्यहीं दुई वटा पलङ राखिएको छ - दायाँ बायाँ गर्न त्यति सजिलो ठाउँ छैन ।

दुवै छोराहरु हलक्क बढेपछि एउटै कोठामा बस्न त्यति सहज पनि नहुँदो हो तर अलग कोठा लिनका लागि मासिक थप पन्ध्र सय खर्चिनु उनीहरुको लागि त्यति सहज भने थिएन । लुमन्ति आवासको लागि सहयोग समूहले पोखरामा संचालन गरिरहेको आवास कार्यक्रम मार्फत आफू जस्तै न्यून आय भएका पोखरामा भाडामा बस्ने परिवारले एकमुष्ट घडेरी खरिद गरेपछि संस्थाले सस्तो र सरल किस्तामा बैंक मार्फत ऋण उपलब्ध गराउने भएपछि महतो दम्पतीले पनि ऋणै गरेर भएपनि पोखरामा घडेरी लिने विचार गरे र आवास ऋणका लागि दरखास्त दिए ।

घडेरी खरिद र आवास कर्जाका लागि अनेक प्रकृया अनि सम्बन्धित निकायबाट सिफारिस पछि दरखास्त त मन्जुर भयो तर आफूसंग घडेरी किनका लागि पर्याप्त रकम भने थिएन । थोरै ऋण, केही आफन्तबाट सहयोग र आफूसंग भएको थोरै बचत मिलाएर पोखरा स्थित चाउथेमा भिमाकुमारीले आफ्नो नाममा घडेरी त खरिद गरिन् तर उनी भने त्यहाँ पुगेका थिएनन् ।



सुरुमा जग्गा देख्दा मन नपरेको तर छोराले कर गरेपछि ऋण गरेर आफ्नो नाममा जग्गा खरिद गरेका भिमाकुमारीले आफू जस्ता भाडामा बस्ने न्यून आय भएका परिवारलाई लक्षित गरि ल्याइएको आवाज योजनका बारेमा छिमेकीबाट सुन्दा निकै खुशी लागेको तर आवाज कर्जाका लागि आफू छनौट हुने नहुने यकिन नभएकोले अध्यारोमा भटारो हान्दा कतै पर्छ कि भनेर आवेदन राखेको बताइन् ।

अहिले भिमाकुमारी महतोको पोखरामा आफ्नै नाममा घडेरी छ र लुमन्ति आवासको लागि सहयोग समूहले संचालन गरिरहेको आवास कार्यक्रम अन्तर्गत बैंक मार्फत चार लाख रुपैंया आवास कर्जा लिएर घर पनि तयार भइरहेको छ । आफ्नै नाममा घडेरी र घर भएपछि भिमाकुमारी महतोसँगै उनका दुई छोरा र पति पनि निकै खुशी छन् । चार लाख रुपैंयामा घर बन्ला भनि सोच्दै नसोचेका उनीहरुले तीन कोठे घर, लुमन्तिको प्राविधिक सहयोगमा आफै लागेर बनाउन पाउँदा आफुमा एक किसिमको नयाँ अनुभव भएको बताउँछिन् भिमाकुमारी महतो - "अहिले त त्यो अनुभव धेरै भयो । मलाई केही थाहा थिएन है, घर बनाउने कस्तो हो! के हो!! घर बनाउँदा कस्तो लाग्छ भनेर त्यस्तो अनुभव केही थिएन । त्यो घर बन्न थाले पछि त घर कसरी बन्छ, के हो भन्ने अनुभव भयो नि त!!"

गाउँमा बस्दा हेला सहनु परेको र अहिले पोखरा जस्तो शहरमा आफ्नै नाममा घर सहितको घडेरी बनाउन सकेकोमा भिमाकुमारी महतोलाई गर्वको महसुस भएको उनी बताउँछिन् - "छेउछाउ सानो तिनो भए पनि आफ्नो घर छ भनेर हिम्मतले बोल्न आँट आएको छ ।" उनले थपे, "त्यहाँबाट कमाइ भएर राम्रो ठाउँमा किने पनि हामीले यहाँ दुःख संघर्ष गरेर किनेको ठाउँ बेच्न पनि बेसरी माया लाग्छ जस्तो लाग्छ ।"

अब घर पुरा भएपछि घरलाई आफ्नै हिसाबले फूल बिरुवा रोपेर सजाउने उनीहरुको सोच छ । सबै परिवार नयाँ घरमा सर्नका लागि आतुर छन् ।



# नयाँ परिवर्तन

सानैदेखि दुःखमा हुर्केका भुनादेवी सार्की (मुना)ले जीवनमा कहिल्यै सुखको अनुभुति गर्न सकेको थिएन । आफू कलिलै उमेरको छँदा आफ्नी आमाको मृत्यु पछि त झन उनको जीवनका ठूलै वज्रपात नै भयो । बुवाले कान्छी आमा भित्र्याएपछि उनको जीवन थप कष्टमय बन्यो । बुवा र कान्छी आमाले उनको विवाह बुटवलका एक जड्यौरा केटासंग गरिदिए जो कहिल्यै आफ्नो हुन भएन । आफ्नो पति नै आफ्नो नभएपछि परिवारका अरुको के आशा गर्नु । उनले सासु-ससुरा, देवर-देवरानीबाट

> उनले घरघरी रुदै आफ्नो दुःख पोखिन् - जीवनमा सुख भनेको कहिल्यै हुदैन रहेछ ।

पनि धेरै कष्ट सहनु पर्‍यो । उनले घरघरी रुदै आफ्नो दुःख पोखिन् - "जीवनमा सुख भनेको कहिल्यै हुँदैन रहेछ । त्यो घरमा मेरो दुईवटा छोरी छन् ... जेठी अहिले २३ वर्ष पुगेकी छिन् र कान्छी २० वर्ष भइन् । तिनीहरुलाई सानैमा छोडेर आउन पर्‍यो ... त्यो घरमा मेरो केही भएन ... श्रीमानले पाल्ला भन्ने थिएन, अरु कसैले पाल्ला भन्ने थिएन । सासु-ससुरा, देवर-देवरानीबाट पनि धेरै घृणित भइयो ... केही उपाय नभएर मैले छोडेर हिंडेको.."

अनेकन हेला र कष्ट खपेर पनि आफ्नो जीवनको अमूल्य १५ वर्ष त्यस घरमा बिताएका भुनादेवीले आफ्ना छोरीहरुलाई आफैले हुर्काउनु पर्ने

विचार गरेर विदेशमा नोकरीको लागि जाने समेत विचार गरेका थिए तर नागरिकताको लागि माइतबाट समेत सहयोग नभएपछि केही सीप नलागेर उनी आफ्नो माइती गाऊँ पाल्पा आई ज्याला मजदुरी गर्न थालिन् । यही क्रममा भुनादेवीले आफू जस्तै ज्याला मजदुरी गरि जीविकोपार्जन गरिरहेका बसन्त नेपालीसँग दोश्रो विवाह गरिन् । त्यस पश्चात उनको जीवनमा परिवर्तन आएको र उनी खुशी रहेको उनले बताइन् - "उहाँसंग विवाह पछि धेरै परिवर्तनहरु आयो ..... उहाँसंग आएर मलाई धेरै कुरा राम्रो भयो .... जग्गा किनिदिनु भयो, घर बनाइदिनु भयो ... खुशी लाग्छ ।"



काँचो इंटाको सानो घरमा उनीहरुको जीवन त्यति सहज भने पक्कै थिएन । अनेक समस्याका बावजुद पनि जीवन जेनतेन चलिनै रहेको थियो । भुनादेवी भन्दै थिइन् - "सानो काँचो इंटाको घर थियो । त्यो घरमा हामी ३-४ वर्ष बसियो ...... एकदमै समस्या थियो .... एउटा बस्ने ठाऊँ थियो, एउटा सानो किचेन कोठा .... त्यतातिर पानी चुहिरहने, टीनको छानो थियो । यहाँ फेरी डर लाग्दो हावा आउँछ ... हावा आग्दा खेरि उडाउला कि भन्ने डर पनि हुन्थ्यो ... चिन्ता परि राख्थ्यो ।"

अहिले भुनादेवी सार्कीको नयाँ पक्की घर बनिसकेको छ । लुमन्ति अवासको लागि सहयोग समूहले



तानसेनका न्यून आय भएका परिवारहरुलाई केन्द्रित गरि संचालन गरिरहेको आवास कार्यक्रम अन्तर्गत बैंकबाट न्यून ब्याजदर सरल किस्तामा आवास कर्जा पाएपछि पक्की घर बनाएर बस्ने भुनादेवीको सपना साकार भएको हो । "कहिले हुने होला घर! कहिले यस्तो नयाँ घरमा बस्ने होला भन्ने एकदमै थियो ..... अब भयो । पछि भए पनि धेरै ढीला भए पनि भयो, बस्न पाइयो । अहिले यति भए पनि एकदमै सन्तुष्टि लाग्छ । जे होस हावा आए पनि छाना त उडाइदिन्न नि भन्ने ... यस्तो खुशी लाग्छ ।" घर बनेपछि आफ्नो खुशी बाँड्दै थिइन् भुनादेवी । घर बनेपछि उनीहरुको जीवनमा नयाँ परिवर्तन आएको बताउँदै उनले भनिन् - " एकदमै नयाँ परिवर्तन आएको छ । हामीले यस्तो सोचेकै थिएनौं । मैले के सोच्थें भने हामीले यस्तो काँचो इंटाको घर बनाइयो, अब जीवन यतिकै बित्ने होला भनेर .....सन्तुष्ट भएर बसेको थिए अब पछि यस्तो संस्था आए पछि पाइयो .... खुशी लागेको छ ।"

# मेरो घर - मेरो परिश्रमको उपहार



बाग्लुङको कोवाङ गाविस स्थित स्थायी घर भएका बिमला थर्ति मगर वि.सं. २०५९ साल तिर हर्निया रोगको उपचारका लागि पोखरा आएकी हुन् । पोखरा स्थित मनिपाल मेडिकल अस्पतालमा हर्नियाको सफल शल्यक्रिया पछि हरेक ३।३ महिनामा फलो अप जाँचका लागि पोखरा आइराख्नु पर्ने भए पछि उनी फेरि गाउँ फर्कन सकिनन् र पोखरामा भाडामा बस्दै गरेका दाजुको घरमा नै बसिन् ।

त्यसै समयमा देशमा माओवादी जनयुद्ध चर्किएको थियो र युवा युवतीहरु गाउँमा बस्ने अवस्था पनि थिएन । उनी सम्झन्छिन् - "त्यतिबेला गाउँमा माओवादी आएर घरमा सुतिरहेकोलाई पनि लग्ने अवस्था थियो .... हामीलाई त लगेन, अरुलाई लगे ... हामीलाई पनि लग्ला भनेर बा-आमाले बस्न दिएनन् अनि काठमाडौं गएर छ महिना बस्यौं, त्यस पछि

> "त्यतिबेला गाउँमा माओवादी आएर घरमा सुतिरहेकोलाई पनि लग्ने अवस्था थियो"

यहाँ आएर बसेको ..."

पोखरामा आए देखि कोठा भाडामा बस्दै आएका बिमलाले जीविकोपार्जनका लागि अनेकन कामहरुमा हात हालिन् र अहिले पोखरामा नै पसल चलाएर बसेकी छिन् । दाईको सहयोगमा कस्मेटिकको पसल राखि काम सुरु गरेकी बिमलाले होस्टलमा काम गर्ने देखि लिएर काम सिकेर पार्लरको काम समेत गर्न भ्याइन र अहिले फेरि आफ्नै व्यवसाय नगरि उँभो लाग्न नसकिने देखि फेरि विगत पाँच वर्ष देखि पोखरामा पसल गरेर बसेकी छिन् ।

पोखरा बसेको एक दशक भन्दा बढी समय पछि अहिले बिमलाले आफ्नै नाममा जग्गा जोड्न सकेकी छिन् । आफूले जीवनमा कल्पना नै नगरेको पोखरामा एक टुक्रा जग्गा अनि त्यहाँ बनिरहेको घर उनको लागि सपना जस्तै भएको छ । उनी भन्दै थिइन् - "यसरी घर बनाउँला भन्ने कहिल्यै कल्पना नगरेको ... अब आँट्नै नसक्ने नि ...१२ हजारले हुन्न अनि कल्पना नै गरिएन ..... थोरै पैसामा, थोरै आम्दानीमा त्यत्रो जग्गा पाउनु त्यत्रो घर बनाउनु भनेको त हामी गरिबहरुको धेरै सौभाग्यको कुरा हो नि .... फेरि अरु पनि यस्तै आयो भने अरुलाई पनि हामी जस्तै होस् भन्ने जस्तो



लाग्छ ।" उनीले कामना गरिन् ।

सुमन्ति आवासको लागि सहयोग समूहले पोखरामा लामो समय देखि कोठा भाडामा बस्दै आएका न्यून आय भएका परिवारलाई लक्षित गरि संचालन गरिरहेको आवास कार्यक्रम अन्तर्गत उनले लक्ष्मी बैंकबाट सस्तो ब्याजदरमा सहजै आवास कर्जा पाएपछि विमलाको जीवनमा यो खुशी आएको हो । "कार्यक्रमको बारेमा सुन्दा खुशी पनि लाग्यो रमाइलो पनि लाग्यो ... हामी सुरुमा आउँदै यस्तो कार्यक्रम आएको भए अहिले यतिखेर त भ्याइसक्थ्यो ... कति गयो गयो, हिसाव गरेर साध्यै छैन नि ..त्यो सबै एक मुष्ट गर्ने हो

> "जग्गा किनेर लालपूर्जा हात पर्दा ... त्यो बेला त खुशी नै लाग्यो नि ....."

भने त सिङ्गो घर नै नाग्थ्यो होला नि ..." कोठा भाडाको लागि आफूले खर्चेको सम्झँदै उनीले भनिन् ।

आवास कार्यक्रमका बारेमा विस्तृत रुपमा बुझिसकेपछि विमलाले ऋण गरेरै पोखरा स्थित चाउथेमा जग्गा खरिद गरेकी हुन् । जग्गाको लालपूर्जा हात पर्दाने दिन सम्झँदै उनीले भनिन् - "जग्गा किनेर लालपूर्जा हात पर्दा ... त्यो बेला त खुशी नै लाग्यो नि ..... खुशीको आँसु हो कि दुःखको आँसु ... " खित्का छाडेर हाँस्दै उनले भनिन् - " कोही त रोए नि ....... म त रुन रुन मन लागेको हो ..रुन त रुइन ......"

आफूले अनेक दुःख र परिश्रम गरि बनाएको घर पुरा बनेपछि उनले गाउँबाट बुबा आमालाई ल्याएर भित्र्याएपछि मात्र आफू घर प्रवेश गर्ने सोच राखेकी छिन् । उनीले आफ्नो घरलाई आफ्नो परिश्रमको उपहारको रुपमा लिएकी छिन् ।

# घरले बढाएको आत्मसम्मान



१३ वर्ष अगाडी सल्यानबाट पोखरामा बसाई सरेका विमला पाण्डे, विवाह पछि देखि नै पति र ८ वर्षीय छोरी सहित पोखरामा कोठा भाडामा लिएर बसिरहेकी थिइन् । १० वर्ष लामो समयसम्म कोठा भाडामा बस्दाको दुःख उनको मानसपटलमा अझै ताजा नै छ । घरभेटीको इच्छा अनुसार तुरुन्तै कोठा सर्नु पर्ने बाध्यता, अनुकूल वातावरणका कारण बेला बखत सामना गर्नु पर्ने अनेकन समस्या र आफ्नै घरजग्गा नभएर अरुको अगाडी सानो हुनु पर्ने पीडा सम्झदै उनी भन्दै थिइन्, "कि घर लिन सक्नुपर्‍यो, कि पुरा फ्ल्याट, नत्र सरिरहनु पर्ने ....आफ्नो नभएपछि धेरै सहनु पर्ने रहेछ, जति बेला पनि सानो हुनुपर्ने ..."

पतिको ड्राइभरी पेसा, काठमाडौंबाट पोखरा र पोखराबाट काठमाडौं गर्दा गर्दै कुन बेला कोठा आइपुग्ने हो कुनै निश्चित नहुने भएकोले अरुको घरमा भाडा बस्नु विमलाको लागि अर्को समस्या भएको थियो । "आफ्नो सानै भए पनि, दुई कोठे घर बनाउन मिल्ने सानो जग्गा भए कति राम्रो हुन्थ्यो भन्ने अनुभुति जहिले पनि हुने, तर के गर्ने नसकिने ...." विमलाले आफ्नो वेदना पोख्दै थिइन् । आफ्नै नाममा घर जग्गा नभएपछि भित्र भित्रै हीन भावना पैदा भएकोले कयौं रात रोएर बिताएको दृष्टान्त सुनाउँदै उनी भन्दै थिइन्, "एकातिर श्रीमान घर नआएसम्मको पीर, अर्को आफ्नो घरजग्गा केही छैन भन्ने पीर .... श्रीमानको न स्थायी जागिर न पेन्सन नै आउने ...आफ्नै घर भइदिएको भए पनि चित्त बुझाउने बाटो हुन्थ्यो जस्तो लाग्थ्यो ।"

१० वर्षसम्म यस्तै यस्तै समस्या र चिन्तामा गुज्रिएको बिमलाको जीवनमा अहिले भने खुशीको बहार आएको उनी बताउँछिन् । अहिले उनीलाई घरको कुनै चिन्ता छैन । पोखरामा लामो समय देखि कोठा भाडामा बस्दै आएका न्यून आय भएका परिवारलाई लक्षित गरि लुमन्ति आवासको लागि सहयोग समूहले संचालन गरिरहेको आवास कार्यक्रम अन्तर्गत लक्ष्मी बैंकले सुपथ र सुलभ ब्याजमा आवास कर्जा उपलब्ध गराएपछि पोखरामा आफ्नै घर बनाउने बिमलाको सपना साकार भएको हो ।



आफुलाई मिल्ने गरि संचालन हुन लागेको आवास परियोजनाका बारेमा खबर सुनेपछि बिमलाले सोधी खोजी गरि जग्गाको लागि आफन्तहरुबाट रकम जुराइन् र पोखरा स्थित चाउथेमा जग्गा जोड्न सफल भइन् । आफ्नै नाममा रहेको जग्गाको लालपूर्जा हातपरेको दिन उनको खुशीको सिमा रहेन । खुशी बाँड्दै उनले भनिन्, "हातमा लालपूर्जा पाउँदा सर्वस्व जिते जस्तो लाग्यो । तुरुन्तै श्रीमानलाई फोन गरें । गाडी चलाइराख्नु भएको रहेछ । लालपूर्जा हातमा पर्‍यो, गाडी चलाउन छोडेर ताली बजाउनु भने ।"

पाण्डे दम्पती अहिले पोखरा स्थित चाउथे समावेशी टोलमा रहेको आफ्नै घरमा सरिसकेका छन् । आफ्नो नाममा जग्गा र घर भएपछि आफ्नो पतिले पनि आत्मसम्मानको अनुभूति गरेको र अब कसैसंग सानो भएर बस्नु नपर्ने भनि खुशी व्यक्त गरेको देख्दा आफुलाई निकै सन्तुष्ट भएको बताउँछिन् बिमला ।

# यो कार्यक्रमले गरिबी निवारण गरेको छ

२७ वर्षीय विष्णु बहादुर कुमालका पिता आज भन्दा ३५ वर्ष अगाडी रिठेपानी कुमाल गाउँबाट बसाई सरि लेखनाथ नगरपालिकामा आइपुगेका हुन् । यहीं विष्णुको जन्म भयो र अहिले उ पनि दुई सन्तानका पिता भइसकेका छन् । जब परिवार सानै थियो, त्यति बेलासम्म पुरानै घर पनि त्यति जीर्ण भएको थिएन र सबैलाई पर्याप्त कोठा पनि थियो । समयसँगै घर पनि जीर्ण हुँदै गयो र परिवार संख्या पनि बढ्दै गयो ।

> "असिनाहरू पर्दा चुहिन्छ कि जस्तो, डर लाग्ने ।"

जीर्ण भइसकेको छानो, दुईवटा सानो कोठा र एउटा भान्छा, विष्णुको दुई दाजु भाइको परिवार र आमा बुवा गरि ११ जनाको लागि सजिलै बस्न कठिन भइसकेको थियो । एउटै कोठामा संचय गरिराखेको धान मकैको बोरा अनि दुई तीनवटा खाट अटाएर बस्नु त्यति सहज पक्कै पनि थिएन । विष्णु बहादुरले आफ्नो जीर्ण घर देखाउँदै भन्दै थिए, "कोठा कति जीर्ण थियो भने, जतातत्तै मुसाहरुले पनि सताउने, त्यही माथि टिन पनि खतरापूर्ण थियो । असिनाहरु पर्दा चुहिन्छ कि जस्तो, डर लाग्ने ।" अहिले त्यही जीर्ण ठाउँमा उनीहरुको भान्छा छ । पर्याप्त ठाउँ छ । धान मकैका बोराहरु मिलाएर राखेका छन् र पानी असिना पर्दा पनि अब उनीहरुलाई कुनै चिन्ता छैन । विष्णु भन्दै थिए, "अहिले डर मुक्त भएको छु । आनन्द भएको छ ।"





लुमन्ति आवासको लागि सहयोग समूहले न्यून आय भएका परिवारलाई लक्षित गरेर लेखनाथ नगरपालिका र कामना विकास बैंकको सहकार्यमा आवास कार्यक्रम संचालन गरेपछि विष्णु बहादुर कुमालले सरल र सस्तो ब्याजदरमा आवास कर्जा पाएका हुन्। "गाउँघरबाट यताउता गरेर ऋण लिएर कोठा थप्ने योजना त थियो तर गाउँबाट ऋण गर्दा महँगोमा परिन्थ्यो। यही बेला लुमन्तिको कार्यक्रम आयो, सजिलो भयो। यो कार्यक्रम नआएको भए अहिल्यै घर बन्ने थिएन। अर्को दुई तीन वर्ष लाग्थ्यो होला।"

लुमन्तिको आवास कार्यक्रम अन्तर्गत सस्तो ब्याजदरमा विष्णुले कामना विकास बैंकबाट एक लाख पचास हजार ऋण लिए र आफूसंग भएको साठी हजार थपेर आफै श्रमदान गरि आफ्नो घर बनाउने योजनालाई सफल बनाए। उनी भन्दै थिए, "यो कार्यक्रमले गरिबी निवारण गरेको छ। गरिबहरुले एकैचोटी पैसा जम्मा गर्न सक्दैनन्। किस्ता किस्ता गरेर दिनु पर्दा उनीहरुलाई पनि सजिलै भएको छ। सानो सानो जागीर खानेहरुले पनि घरको व्यवहार थामेर पनि अलिअलि ऋण तिर्दै घर बनाइरहेको छ। सजिलो भएको छ।"

विष्णु बहादुरले घरको ऋणसंगै गाउँबाट थप केही थोरै ऋण गरेर व्यावसायिक खेती लगायत व्यावसायिक मौरी पालन पनि गरेको छ। परिवारका सबै सदस्यले उनको यो व्यवसायमा साथ दिएका छन्। लुमन्तिकै तर्फबाट थप केही ऋण सहयोग गर्यो भने अहिलेको किस्ता तिरिसकेपछि कोठा थप्ने योजना विष्णुको रहेको छ।



# स्वर्गमा बसे जस्तो भएको छ

आफ्नो पिता भारतीय सेनाका जागिरे भएकै कारण सबै वाल्यकाल नै भारतमा बिताएका देवकुमारी सुनार १६ वर्ष भएपछि मात्र आफ्नो गाउँमा फर्केकी थिइन् । उनको विवाह भएको १५ वर्ष भयो र उनी अहिले ३ छोराका आमा हुन् । विवाह गरेको ४ वर्षसम्म सुनार दम्पत्ती पोखरामा कोठा भाडामा नै बसेका थिए । ८ वर्ष अगाडी देवकुमारीका पति साउदी अरेबियामा वैदेशिक रोजगारीका लागि गएदेखि भने उनी आफ्नो माइतीमा आएर बसिन् ।

विवाह पश्चात माइतमा पिताले उपलब्ध गराएको कोठामा बस्नु देवकुमारीको लागि त्यति सहज अवस्था भने पक्कै थिएन । सानो कोठामा आफ्ना तीन छोरा र त्यही भान्छा कोठा - निकै असजिलो थियो । तर देवकुमारीको लागि अर्को कुनै विकल्प थिएन आफू र आफ्नो सन्तानको टाउको लुकाउनका लागि । उनले विगत सम्झँदै भन्दै थिइन्, "सबैको घर भएको हेर्दा खेरि मनमा कस्तो कस्तो हुने ... उता भाउजुसँग माइतमा बस्दा पनि अर्काको छोरी भन्ने कुरा नि ... कहिले राम्रो पनि भइयो, नराम्रो पनि भइयो ।"

एउटै कोठामा कोच्चिएर बस्नु पर्ने बाध्यता अनि आफ्ना दाजु र आफ्ना बालबच्चाहरु बीच एक आपसमा कहिलेकाहीं हुने तँ ठूलो कि म ठूलो भन्ने भावनाले एकातिर आफ्ना छोराहरुको मनोभावनामा असर परिरहेको थियो भने अर्कोतिर उनीहरुको पढाइमा पनि असर परिरहेको देवकुमारी स्पष्टै अनुभव गरिरहेकी थिइन् । यद्यपी कमजोर आर्थिक अवस्था र हुर्किरहेका छोराहरुको पालनपोषणका लागि बढ्दो खर्चका कारण उनको आफ्नो घर बनाउने सोच मात्र सपनामा नै सिमित रहेको थियो । माइती बस्दा देवकुमारीले बेलाबखत अनेकन पारिवारिक झमेला अनि असहज परिस्थितीको सामना गर्नु पर्‍यो जुन उनको लागि निकै दुःखदायी रह्यो र उनी आज ति सबै सम्झन रुचाउँदिनन् । तर अहिले उनको जीवनमा एकाएक परिवर्तन आएको छ । "एक न एक दिन त बनाउन सकिएला जस्तो लाग्याथ्यो । आफ्नो श्रीमानले घर बनाउन नसकेपनि छोराहरुले गर्लान् कि भनेर सोच्न त सोचेको थिए तर अब आफ्नो किस्मतले हो कि भाग्यले अलिकति लोन दियो ... यो लगानी पनि हामीले हाल्न सकेको थिएन । जे होस् घर बन्यो । स्वर्गमा बसे जस्तो भएको छ ।" उनले सन्तोष सास फेरिन् ।

"एउटै कोठामा कोच्चिएर बस्नु पर्ने बाध्यता अनि आफ्ना दाजु र आफ्ना बालबच्चाहरु बीच एक आपसमा कहिलेकाहीं हुने तँ ठूलो कि म ठूलो भन्ने भावनाले एकातिर आफ्ना छोराहरुको मनोभावनामा असर परिरहेको थियो भने अर्कोतिर उनीहरुको पढाइमा पनि असर परिरहेको देवकुमारी स्पष्टै अनुभव गरिरहेकी थिइन् ।"

लुमन्ति आवासको लागि सहयोग समूहले न्यून आय भएका परिवारलाई लक्षित गरेर आवास कार्यक्रम संचालन गरेपछि उनी पनि घर मालिक भएकी छिन् । आफ्ना पिताको सहयोगमा लेखनाथ नगरपालिका भित्र आफ्नै नाममा सानो जग्गा खरिद गरि देवकुमारीले आफ्नो सपनाको महल ठड्याएकी छिन् । "पहिलो पटक घर छिर्दा खुशी लाग्यो, नाचगान गरेर सबैलाई खुवाए, खुशीले पूजा गरि घर भित्र पस्यौं ।" देवकुमारीले गृह प्रवेश गर्दाको दिन सम्झँदै भनिन् ।



# घर - सामाजिक सम्मानको एउटा पाटो

दुई छोरा र एक छोरीकी आमा देवी कुमारी वि.क. सन् २००३ तिर आफ्नो गाऊँ बाग्लुङबाट सन्तान सहित बसाई सर्नु पर्‍यो । बसाई सर्नु परेको प्रमुख कारण थियो उनको बिग्रंदो स्वास्थ्य अवस्था । भारतमा सुरक्षा गार्डको जागिरे उनका पतिले देवी कुमारी बिग्रंदो स्वास्थ्य अवस्थाको विचार गरि उपचारको लागि भारतमा नै झिकाउनु पर्‍यो । देवी कुमारीले ६ वर्ष भारतमा बिताए र उपचार पछि पोखरामा आई सन्तान सहित कोठा भाडामा बसिन् ।



कोठा भाडामा पोखराको उनको बसाई त्यति सुखमय भने थिएन । पोखरा बसाईको क्रममा उनले चाहेर नचाहेर ९ पटक भन्दा बढी कोठा परिवर्तन गर्नु पर्‍यो । घरभेटीको अनावश्यक कचकच अनि आफन्त तथा वरपरका मानिसहरुको भेदभावपूर्ण व्यवहारका कारण देवी कुमारीको परिवारले अत्यन्तै दुःखसंग समय काट्नु पर्‍यो । "बहाल बस्ने भएपछि पोखरामा कसैले पनि हेर्दो रहेनछ, विश्वास गर्दो रहेनछ । घरभेटीले पनि कहिले पानी धेरै खर्च भयो भनेर त कहिले बालबच्चाहरुले चकचक गर्‍यो भनेर कराइराख्ने ।"

> "बहाल बस्ने भएपछि पोखरामा कसैले पनि हेर्दो रहेनछ, विश्वास गर्दो रहेनछ ।"

लुमन्ति आवासको लागि सहयोग समूहले पोखरामा कोठा भाडामा बसिरहेको न्यून आय भएका परिवारहरुलाई लक्षित गरेर आवास कार्यक्रम संचालन गरेपछि देवी कुमारी पनि पोखरामा आफ्नै घर जोड्न हौसिए तर घरको लागि कार्यक्रम अन्तर्गत आवास कर्जा लिन ताकिएको स्थानमा जग्गा खरिद गर्नु पर्थ्यो र जग्गाको लागि घटीमा चार लाख रुपैंया हातमा हुनु पर्ने थियो । जुन उनको लागि सम्भव थिएन । "पैसाको नाममा बैंक ब्यालेन्स २५००० थियो, कसरी सक्थें र ?" उनले सम्झिन् । तर पोखरामा आफ्नै घर बनाउने यो सुवर्ण अवसर उनले गुमाउन चाहिनन् र रोजगारीका लागि भारतमा बसेका पतिसंग सल्लाह गरेर आफन्तहरुसंग हारगुहार गरि तीन लाख सम्म जोड्न सकिन् । उनकै अनुरोधमा आवास कार्यक्रम अन्तर्गत उपलब्ध हुने चार लाख कर्जामा नै बाँकी एक लाख पनि मिलाउने गरि करिब तीन लाख चानचुनमा उनको सपनाको महल तयार भयो । अहिले उनी आफ्ना तीन सन्तानका साथ पोखरा सुन्दर टोल स्थित आफ्नै घरमा बसेकी छिन् । देवी कुमारी भन्दै थिइन्, "आफ्नै घरमा बस्न पाउँदा खुशी छु, घर भनेको बेस्सरी ठूलो कुरा रहेछ ।" अहिले आफ्नै घर भए पछि मानिसहरुले पनि सम्मानको नजरले हेर्ने गरेको महशुस उनले गरेकी छिन् ।

# ऋणले हौसला दियो

लेखनाथ नगरपालिकाका स्थायी बासिन्दा ४२ वर्षीय ढकबहादुर के.सी.को जीवनमा एकाएक दुःखको बादल मडारियो जब उनी दुर्घटनामा परे । दुर्घटना पछि उपचारको लागि उनले आफ्नो घर बिक्री गर्नु पर्‍यो । आफ्नै घरमा कोठा भाडामा बस्नु पर्दाको पीडा सुनाउँदै ढकबहादुर भन्दै थिए, "एक्सीडेन्ट हुनुभन्दा पहिलेको कुरा अलग्गै भयो, एक्सीडेन्ट भइसकेपछि के गरेर आफ्नो इलाज गर्ने त? इलाजको लागि नै त्यो (घर) बेचेर गर्नु पर्‍यो, बच्चाहरुलाई राम्रो तरिकाले राख्नु पर्‍यो, खिलाउनु पर्‍यो, पढाउनु पर्‍यो ..."



दुर्घटना पछि दुई छोरा, आफू र पत्नी सहित चार जनाको परिवार ६ वर्षसम्म आफ्नै घरमा दुईवटा कोठा भाडामा लिएर बसेका ढकबहादुरले खर्च व्यवस्था गर्ने सानो व्यवसाय पनि सुरु नगरेका होइनन् तर त्यति राम्रो चल्न सकेन। यस अवस्थामा उनले अर्को घर बनाउने तर्फ सोच्नु उनको लागि टाढाको विषय थियो। "गाउँ एरिया भएको हुनाले व्यवसाय फष्टाउन सकेन, कमाई नभएपछि घर बनाउन सकिएन।" ढकबहादुर भन्दै थिए।

दुईवटा कोठामा, एउटामा सुत्ने र अर्कोमा भान्छा। चार जनाको परिवार कोचिएर बस्नु पर्दा ढकबहादुरलाई निकै असजिलो भइरहेको थियो। घर बनाउन बैंक तिरबाट ऋण लिनको लागि प्रयास भने उनले गरेका रहेछन् तर कमाई नभएकोले बैंकले उनलाई ऋण दिन मानेन। एउटा खुद्रा व्यापार र सानो चिया पसलको व्यवसाय गरिरहेका ढकबहादुरले जब लुमन्ति आवासको लागि सहयोग समूहले लेखनाथ नगरपालिकाका न्यून आय भएका परिवारलाई लक्षित गरेर आवास कार्यक्रम संचालन गरि त्यस्ता परिवारलाई आवास कर्जा उपलब्ध गराउने विषयमा सुने, तब ऋणका लागि प्रकृया अगाडी बढाए। "अरु ऋणको तुलनामा यो ऋण लिन सहुलियत र तीन गुणा सजिलो ... एउटा त लंग टाइम, सात वर्षको भाकामा अलि अलि गरेर तिर्न सकिने र अर्को सस्तो ब्याज ..."



आवास कार्यक्रम मार्फत दुई लाख रुपैंया ऋण पाएपछि ढकबहादुरले थप पचास हजार महंगो ब्याजमा भएपनि गाउँघरबाट ऋण गरेर आफ्नो घर बनाए। "ऋण त थपियो तर यो संस्था (लुमन्ति) यसरी आएर आवास कर्जा नदिएको भए घर बनाउने आँट हुने थिएन। संस्थाको ऋणले हौसला दियो।" ढक बहादुरले भने।

# ऋण सहयोगले ल्याएको खुशी



४० वर्षीय डिल्लीराज दमाई, दस वर्ष अगाडी रोजगारीको लागि छोरा र पत्नी मिना परियार सहित गाऊँबाट तानसेन बसाई सरेका हुन् । तानसेन भरेको ७-८ वर्षसम्म डिल्लीराजको परिवारले निकै कष्टका साथ कोठा भाडामा बसेर जीवन यापन गर्नु पर्‍यो । आफू दलित भएकै कारण तानसेनमा कोठा भाडामा लिन पनि उनीहरुले ठूलो कष्ट गर्नु पर्‍यो । डिल्लीराज सम्भन्छन्, "दलित भएकै नाताले गर्दाखेरि भनेजस्तो ठाऊँमा बहाल पाइन्थेन । ब्राम्हण जाती बसोबास बढी भएको ठाऊँमा बहाल पाउँथेन ..." तानसेन बसाईको सुरुको ७-८ वर्षमा उनीहरुले धेरै पटक कोठा परिवर्तन गर्नु परेको र निकै समस्यामा परेको सम्भदै डिल्लीराजले भने, "सात आठ ठाऊँमा कोठा परिवर्तन गरें होला, कतै ढुक्क भएर बस्न नपाउने ... बहालहरु बढाइरहने अनि घरभेटीले कोठा नबस अब हाम्रो काम हुने भयो भनेपछि अर्को कोठा खोज्नु पर्ने ... सामान बोकेर हिंड्नु पर्ने अवस्था देख्दा दुःख लाग्थ्यो ।" डिल्लीराजको कुरा सकिन

## अर्को कोठा खोज्नु पर्ने ... सामान बोकेर हिंड्नु पर्ने अवस्था देख्दा दुःख लाग्थ्यो ।

नपाउँदै उनकी पत्नी मिना परियारले थपिन्,"कोठामा बस्नु पर्दाको क्षणमा हाम्रो पनि आफ्नो घर भइदिएको भए कति आनन्दले बसिन्थ्यो होला । यस्ता टेन्सनहरु बोक्नु पर्थेन ..."

अहिले डिल्लीराजको परिवार विगत तीन वर्षदेखि तानसेन नगरपालिका, पक्लुवा स्थित लालुपाटे पौवा गुठीको जग्गा आन्तरिक रुपमा खरिद गरि आफ्नै घर बनाएर बसेका छन् । "गुठीको जग्गामा सामान्य घर बनाएर सानो गारो, भुपडी बनाएर बसियो । हावाहुरी अनि पानीसँगको समस्या त छ, पानी निस्किन्छ यहीं ... यहीं भित्र उम्रिने वर्षामा त पानी ।" वर्षायाममा हावाहुरीले गर्दा पर्ने समस्याको बारेमा कुरा गर्दै उनले आफ्नो मन भित्र रहेको चाहाना राख्न पनि भ्याए । उनी भन्दै थिए, "हामीसँग पैसा भइदिएको भए हामीले राम्रै कोठाहरु बनाएर, ढलाई गरेर बसिन्थ्यो होला । यस्तो पानी



उम्रिन्थेन होला । घर माथि उठाइन्थ्यो होला भन्ने हुन्थ्यो ।"

तानसेन नगरपालिका भित्रका न्यून आय भएका यस्तै परिवारहरुलाई लक्षित गरेर लुमन्ति आवासको लागि सहयोग समूहले आवास कार्यक्रम संचालन गरि आवास कर्जा उपलब्ध गराउने भएपछि भने डिल्लीराजको परिवारले केही राहत महशुस गरेका छन् । "लुमन्ति आइसकेर हामीलाई सस्तो व्याजमा पैसा दिएर कोठा थप्न पाउँदा हामी धेरै खुशी छौं । हामीले परिकल्पना पनि गर्न्या थिएन ।" शहरका अन्य वित्तीय संस्थाहरुले ऋण प्रवाहको लागि कमै चासो राखेको र चासो नै देखाए पनि चर्को व्याज असुल्ने गरेकाका कारण गुठीको जग्गामा बसिरहेका यहाँको समुदायहरुले बैंक तथा वित्तीय संस्थाबाट आवास कर्जा लिने गरेका थिएनन् । डिल्लीराज भन्छन्, "यो ठाउँमा कुनै पनि वित्तीय संस्थाहरुले लगानी गरेको अवस्था थिएन । अहिले लुमन्ति आएर यो जग्गामा जसरी घर बनाउन उर्जा दियो लोन दियो, हामी त्यसैमा खुशी छौं । कोठा थपेर बसिन्छ भनेर सोचिया पनि थिएन ।" उनले फेरि थपे, "अन्य संस्थाहरुले पनि दिन्छ । चर्को व्याजमा दिन्छ । पर्सेन्टेज काटेर दिन्छ ।"

अहिले लुमन्तिको आवास कार्यक्रम मार्फत पाएको दुई लाख रुपैँया आवास कर्जाले डिल्लीराजले एक कोठा थपेर घर मर्मतको काम सकाएका छन् । फराकिलो कोठामा सजिलोसंग बस्न पाएर डिल्लीराजका पत्नी मिना दंग छिन् । उनी भन्दै थिइन्, "फरासिलो ठाउँमा बस्न पाइने भो । वर्षाको समयमा पानीसानी उस्रेर दुःख पनि हुन्थ्यो । अब सजिलो होला ।  पानी उस्रेर भात पकाउन नमिल्ने अवस्था नआउला भन्ने आशमा छु ।"

# घर भएपछि बल्ल दिन फर्क्यो

उमेरले ५० पुगेकी गोमती रेश्मी अहिले आफ्नै घरमा बस्न पाएकोमा औधी खुशी छिन् । तीन छोरीकी आमा गोमती रेश्मीले आफ्नो घर जस्तो ठूलो केही पनि नहुने र घर भएपछि समाजमा आफ्नो इज्जत पनि बढेको महशुस गर्छिन् । उनी भन्दै थिइन् - "आफ्नो घर जस्तो ठूलो केही हुँदो रहेनछ । घर भएपछि अरु सबै जस्तै बराबर भएका छौं । पहिला घर थिएन । यिनीहरु तल्लो भनेर हेर्थे । अहिले घर छ , नानीहरुको जागिर छ । सबैले मान्छन् । हामीसंग सहयोग पनि माग्छन् । बल्ल दिन फर्क्यो हाम्रो ।"

लुमन्ति आवासको लागि सहयोग समूहले तानसेन नगरपालिका भित्रका न्यून आय भएका परिवारलाई लक्षित गरेर आवास कार्यक्रम मार्फत सरल र सुलभ कर्जा उपलब्ध गराएपछि गोमती रेश्मीको जीवनमा यस्तो परिवर्तन आएको हो । "अहिले बल्ल हाम्रो जीवनमा घाम लागेको छ । नानीहरु पनि खुशी छन् । लुमन्तिलाई मैले भगवान नै मानेको छु । लुमन्ति संस्थाले सहयोग गरेर मेरो घर बन्यो । लुमन्तिले आड नदिएको भए कसरी पो हुन्थ्यो र ?" गोमती रेश्मी आफ्नो खुशी बाँड्दै थिइन् ।



"आफ्नो घर जस्तो ठूलो केही हुँदो रहेनछ ।"

गोमती रेश्मी खानी गाऊँ, पाल्पा स्थित पूर्ख्यौली घरबाट वि.सं. २०३९ साल तिर पतिको जागिरको सिलसिलामा बुटवल झरेका हुन् । रेश्मी परिवारको बुटवल बसाई भाडाको कोठामा नै बित्यो र पछि वि.सं. २०५० सालदेखि उनी परिवार सहित तानसेनमा बस्न थालिन् । पतिको जागिरको भरमा कोठा भाडामा बस्दै आएका गोमती रेश्मीले पतिको मृत्यु पछि भने धेरै दुःख कष्टका साथ ज्याला मजदुरी गरेर जीवन यापन गर्नु पर्‍यो । उनले विगतको दुःख सम्झँदै भनिन् - "हामीले के काम गरेनौं र ? गर्नु हुने सबै काम गर्‍यौं । बेस्सरी दुःख गर्‍यौ । शनिबारको दिन नानीहरुको छुट्टी हुने । हामी चारै जना काममा जान्थ्यौं ।"





तीन छोरीहरुको बलले घरको लागि ऋण लिएर आफ्ना बुवाले दिनु भएको जग्गामा घर ठड्याएका गोमती रेश्मीले आवास कार्यक्रम मार्फत दुई लाख ऋण सहयोग पाएपछि आफूसंग भएको झण्डै दुई लाख र बाँकी सामान उधारो गरि करिब पाँचलाख पचास हजारमा महल खडा गरेकी हुन् । घर पुरा भएपछि सबै इष्टमित्र तथा नातेदारहरु पनि घर हेर्न आएका र सबैले यिनीहरुले हिम्मत गरे भनेको सुन्दा निकै सन्तोष लागेको उनी बताउँछिन् । पहिला पहिला कोठा भाडामा बस्दा धेरैको हेला सहनु परेको दृष्टान्त सुनाउँदै उनले भनिन् - "श्रीमान् हुनुहुन्न हेप्छन्, दोश्रो कुरा मेरो घर छैन, हेप्छन् । आफ्नो घर छैन त्यही भएर हेपेको भनेर चुप लागेर बस्थ्यौं । हाम्रो पनि हुन्छ होला नि भन्दै बस्दै गर्‍यौ । जे सोचेको थियो त्यही पुग्यो ।"

नयाँ घरमा पहिलो पटक प्रवेश गर्दा पञ्च कन्या ल्याएर पूजा गरेको कुरा सुनाउँदै उनको अबको योजना कुखुरा पालन तथा खेती गर्ने रहेको बताइन् ।

# पोखरामा घर - सपनामा पनि नचिताएको कुरा



उमेर ३३ काटेका युवा गोविन्द बहादुर अधिकारी सरकारी जागिरे हुन् । उनी क्षेत्रीय माटो परिक्षण प्रयोगशाला, पोखरा, कास्कीमा कार्यालय सहायकको पदमा कार्यरत छन् । सरकारी जागिर खाएको १५-१६ वर्ष बितिसकेको छ र पोखरामा सरुवा भई बस्न थालेका पनि ८ वर्ष नाघिसक्यो । उनी खैरनीटारबाट वि.सं २०६२ सालमा पोखरा आएका थिए ।

पोखरा आएको वर्ष अफिसको क्वाटर बनिसकेको थिएन । एक वर्ष पोखरामा नै एउटा कोठा भाडामा लिएर बसेका गोविन्द अफिसको क्वाटर बनिसकेपछि त्यता सरेका थिए । क्वाटरको एउटा कोठामा भान्छादेखि लिएर सयनको लागि समेत

> “त्यसपछि ऋण लिएर घर बनाउने त सपना मात्र थियो”

व्यवस्था मिलाएर बस्नु पर्ने बाध्यता । अझ गाऊँबाट कोही आफन्त तथा पाहुना आएको बेला कोही भुईमा, कोही खातमा त कोही कोठा बाहिरै पनि रात काट्नु पर्ने अवस्था थियो । तर पोखरामा कतै कोठा भाडामा लिनु वा जग्गा किनेर घर ठड्याउनु भने उनको लागि सम्भव थिएन । “सरकारी नोकरी १०-१२ हजार भन्दा बढी स्यालरी हुँदैन । त्यसमा बालबच्चाले खाने कि, जग्गा लिने कि घर बनाउने । १०-१२ हजार तलब खाएर ऋण लिन पनि कुनै संस्थाले नपत्याउने भए । त्यसपछि ऋण लिएर घर बनाउने त सपना मात्र थियो,” गोविन्द भन्दै थिए ।

पोखरामा नै घर बनाएर आफ्नो पुर्ख्यौली गाउँ तनहुँ मेलुङ्ग गाविसमा बसिरहेका आमा बुवालाई शहरमा आफूसँगै ल्याउने गोविन्द बहादुर अधिकारीको इच्छा तब भयो जब लुमन्ति आवासको लागि सहयोग समूहले पोखरामा कोठा भाडामा बसिरहेका न्यून आय भएका परिवारलाई लक्षित गरेर आवास कार्यक्रम संचालन गर्‍यो । "पोखरा जस्तो ठाउँमा चार लाखमा जग्गा, चार लाखमा घर । सोच्दै नसोचेको कुरा । विश्वास लागेको थिएन । अहिले पुरा भएको छ । लुमन्ति सहयोगी संस्था आएकोले बाटो देखाइदिनुभयो । त्यो बाटोमा लाग्दा अहिले घर पाएका छौं," गोविन्दले खुशी हुँदै भने ।

आवास कार्यक्रमबारे जानकारी पाएपछि आफूसंग भएको तीन लाख र बाँकी एक लाख ससुराली‍को सहयोगबाट व्यवस्था गरेपछि गोविन्दले परियोजना क्षेत्र समावेशी टोल, चाउथे पोखरामा जग्गा खरिद गरे । आफ्नो जग्गाको लालपूर्जा हात परेको दिन सम्झँदै गोविन्दले भने, "हामीले त सपनामा पनि चिताएका थिएनौं पोखरामा जग्गा लिन्छौं भन्ने । नगरपालिकाको प्रमुख सर कै हातबाट लालपूर्जा पाउँदा हामी पनि पोखरेली भइयो, शहरमा बसिने भइयो, शहरको बासिन्दा भइयो जस्तो लाग्यो । आकाशै खसेजस्तै भयो, धेरै खुशी भयौं ।"
अहिले गोविन्द बहादुर अधिकारीले कार्यक्रम अन्तर्गत लक्ष्मी बैंक मार्फत सरल र सुलभ कर्जा लिई पोखरामा घर बनाउने आफ्नो सपना पुरा गरिसकेका छन् । गोविन्दको परिवार अहिले चाउथे पोखरा स्थित समावेशी टोलमा खुशी साथ बसेका छन् ।

- पोखरा जस्तो ठाउँमा चार लाखमा जग्गा, चार लाखमा घर ।
- लुमन्ति सहयोगी संस्था आएकोले बाटो देखाइदिनुभयो ।
- हामीले त सपनामा पनि चिताएका थिएनौं पोखरामा जग्गा लिन्छौं भन्ने ।
- गोविन्दको परिवार अहिले चाउथे पोखरा स्थित समावेशी टोलमा खुशी साथ बसेका छन् ।



# खुशीका दिन आउला कि भन्ने आश!

झण्डै ७० वर्ष पहिले आफ्ना बुबाले दुई सय रुपैँया खर्च गरेर बनाएको श्रीकृष्ण सार्कीको एक तल्ले घर अहिले बस्नै नमिल्ने गरि जीर्ण भइसकेको छ । तर पनि श्रीकृष्ण त्यही जीर्ण भत्किन लागिसकेको घरमा नै जीवन बिताउन परिरहेको थियो । आफू ५० वर्ष पुगिसक्दा समेत पाँच सन्तानका पिता श्रीकृष्णले आफ्ना लागि एउटा घर बनाउन सकिरहेको थिएन । फलस्वरुप आफू र पत्नी सहित सात जना उही जीर्ण घरमा डराई डराई बसिरहेका थिए ।

पुरानो भत्किन लागि सकेको एक तल्ले, एक कोठे घर । सात जनाको परिवार मुश्किलले अटाएका थिए । अझ घरमा पाहुना आउँदा त्यही अटाएर बसाउनु पर्ने कि खाना खुवाएर नजिकै दाजुभाइको घरमा पठाउनु पर्ने बाध्यता अब भने श्रीकृष्णले भोग्नु नपर्ने भएको छ । जुनन्ति आवासको लागि सहयोग समूहले तानसेनका न्यून आय भएका परिवारलाई लक्षित गरेर आवास कार्यक्रम संचालन गरेपछि श्रीकृष्णले पनि सोही कार्यक्रम अन्तर्गत लक्ष्मी बैंकबाट सस्तो ब्याज दरमा सरल र सुलभ आवास कर्जा बापत दुई लाख रुपैँया पाएका छन् ।



**पहिला घरबास थिएन । दु:ख थियो । अब चाहिं  दु:खका दिन गएर सन्तुष्ट छु । खुशी छु । अबलाई खुशी कै दिन आउला भन्ने आशमा छु ।**



आवासको लागि यही कर्जा रकमले श्रीकृष्णको हिम्मत बढ्यो र उनले आफ्नो घर बनाउने निधो गरेका हुन् । आफूले दु:ख गरेर विगत तिन वर्ष देखि ढुंगा कुटेर जम्मा गरेको दुई अढाई लाख रुपैंया उनीसंग नभएको भने पक्कै होइन तर त्यही पैसाले तानसेनमा घर बन्ने अवस्था छैन । कार्यक्रम मार्फत थप दुई लाख रुपैंया आउने भएपछि श्रीकृष्णले आफै परिवारका साथमा मेहनत गरेर आफ्नो घर ठड्याए र उनी अहिले नयाँ घरमा सरिसकेका छन् । नयाँ घरमा प्रवेशसँगै उनले आफ्नो जीवनमा आशाका किरणहरु देख्न थालेका छन् । उनी भन्दै थिए, "पहिला घरबास थिएन । दु:ख थियो । अब चाहिं दु:खका दिन गएर सन्तुष्ट छु । खुशी छु । अबलाई खुशी कै दिन आउला भन्ने आशमा छु ।"

# सस्तो ब्याजी ऋण - गरिबलाई राहत



> "हावा, आँधीहुरी आउँदा बालबच्चालाई खटिया मुनि राखेर पनि रात बितायौं ।"

पुर्खौली घर जाजरकोट हो भन्नेसम्म थाहा छ टमाटा दम्पतीलाई । हाल कोहलपुरमा बसिरहेका सडपे टमाटा र उनका पत्नी बिर्मा टमाटालाई आफ्नो परिवार कहिलेदेखि कोहलपुरमा आइबसेको भन्ने कुराको कुनै हेक्का छैन । बुबा बाजेको पालोदेखि नै काम गर्दै कमाउँदै खाने भएकोले अहिलेसम्म पनि आफ्नो निश्चित बासस्थान घर बनाउन सकेका थिएनन् उनीहरुले । पछिल्लो समयमा आएर लुमन्ति आवासको लागि सहयोग समूहले बाँके जिल्लाको कोहलपुरमा न्यून आय भएका परिवारलाई लक्षित गरेर आवास कार्यक्रम संचालन गरेपछि भने उनीहरु पनि यस कार्यक्रमबाट लाभान्वित भए । बिर्मा टमाटा भन्दै थिइन्, "यस्तो घरमा बसौंला, घर बनाउँला भन्ने थिएन । घर बन्दा सपना जस्तो लाग्यो ।" सात वर्ष अगाडी मात्र एलानी जग्गा बीस हजार रुपैंयामा किनेका टमाटा परिवारको जीवन त्रिपाल र छाप्रोको भरमा चलिरहेको थियो । विगतको दुःख सम्झँदै बिर्माले भनिन्, "हावा, आँधीहुरी आउँदा बालबच्चालाई खटिया मुनि राखेर पनि रात बितायौं । कम्मलले ढाकेर पनि चिसोले बचायौं । म अपाङ्ग मान्छे हावा, आँधीहुरी आउँदा उठेर हिंड्न पनि गाह्रो ।" विवाह अगाडी गाऊँमा रुखबाट लडेर चोट लागेका बिर्मा टमाटाको चोट ठिक नभएपछि भरतपुर क्यान्सर अस्पताल हुँदै भक्तपुर क्यान्सर अस्पतालमा लगि खुट्टा काट्नु परेको थियो । अहिले उनी नक्कली खुट्टाको सहारामा हिँडडुल गर्छिन् ।

लुमन्तिले संचालनमा ल्याएको आवास कार्यक्रम अन्तर्गत स्थानीय बसोबास महिला तथा बचत ऋण सहकारी संस्थाबाट सस्तो ब्याज दरमा आवास कर्जा पाएपछि टमाटा दम्पतीले आफ्नो घर बनाइसकेका छन् । आफ्नो घर नबन्दा सम्म समाजमा आफ्नो हैसियत नै नभएको अनुभूति गरिरहेका बिर्मा टमाटाले विगत सम्झदै भनिन्, "पहिला नाता गोताले हेर्न पनि नरुचाउने । वरपरका दाजुभाइले पनि नपुछ्ने, नमान्ने । यिनीहरु यस्तो अवस्थाको भनेर । अहिले त म धेरै खुशी छु । मलाई राम्रो भएको छ । ठूलो राहत भएको छ ।" टमाटा परिवारले आवास कर्जाबाट पाएको दुई लाख रुपैया र अपाङ्गता भएको कारण विभिन्न संघसंस्थाहरुबाट बेला बखतमा दिएको थोरथोर सहयोगबाट केही रकम बचाएर राखेको थप दुई लाख रुपैंया गरि जम्मा चार लाख रुपैंयाले आफ्नो सपनाको महल ठड्याएका हुन् । अहिले टमाटा दम्पती आफूले सक्ने काम गरेर ऋण तिर्न लागि परेका छन् । "अहिले आफू काममा जाँदा पनि साना साना छोराछोरीहरुलाई हावाहुरीले असर पार्दैन, किराले टोक्दैन । घर भएपछि बाहिर तिर गएर काम गर्ने हिम्मत भएको छ ।" बिर्मा भन्दै थिइन ।





> अहिले आफू काममा जाादा पनि साना साना छोराछोरीहरुलाई हावाहुरीले असर पार्दैन, किराले टोक्दैन ।

# अहिले आफ्नै घर छ, ढुक्क भएको छ - योगेन्द्र बि.क.




आफ्नो पुर्ख्यौली गाउँ धुम्कीबाट १० वर्ष अगाडी लेखनाथमा बसाई सरेका योगेन्द्र वि.क. यो अवधिमा ७ पटकसम्म कोठा सर्नु पर्‍यो । योगेन्द्रले दुखेसो पोख्दै भने, "भाडामा बस्दा साहुहरुले कहिले भाडा बढ्यो भन्ने कहिले के ... कहिले साहुले भन्ने बितिकै कोठा छोडेर हिंड्नु पर्ने । कोठा खोज्न हिंड्दै हैरान । अहिले आफ्नै घर छ, ढुक्क भएको छ ।"

> "भाडामा बस्दा साहुहरुले कहिले भाडा बढ्यो भन्ने कहिले के ... कहिले साहुले भन्ने बितिकै कोठा छोडेर हिंड्नु पर्ने ।"

योगेन्द्र वि.क. अहिले यस्तो हैरानीबाट मुक्त भएका छन् । उनी डेराको कोठबाट अहिले पाँच जनाको परिवार सहित आफ्नै जग्गामा बनेको घरमा सरिसकेका छन् । लुमन्ति आवासको लागि सहयोग समूहले लेखनाथका न्यून आय भएका परिवारलाई लक्षित गरेर आवास कार्यक्रम संचालन गरेपछि योगेन्द्रले पनि सरल, सुलभ र सस्तो ब्याज दरको कर्जा लिएर आफ्नो घर बनाएका हुन् ।

“फर्निचार व्यवसाय राम्रै चलेको छ । ऋण समयमा नै तिरिएको छ । कोठा भाडाको लागि तिर्नु पर्ने रकम अहिले बैंकलाई बुझाएको छु ।”

लेखनाथ बसाईको क्रममा आफूसंग भएको केही रकम र स्थानीय बैंकबाट १६ प्रतिशत ब्याज तिरी ऋण झिकेर योगेन्द्रले चार आना जग्गाको लागि ९ लाख रुपैंया तिरे । त्यही जग्गामा अहिले उनले आवास कार्यक्रम मार्फत पाएको आठ प्रतिशत ब्याजमा स्थानीय कामना बैंकबाट दुई लाख रुपैंया कर्जा लिई घर बनाएका छन् । घरको बनाउनको लागि नपुग रकम भने उनले आफन्तबाट सहयोग मागे । अहिले उनले ऋणको भार बोकेको छ तर त्यसको चिन्ता भने नरहेको उनले बताए । “फर्निचार व्यवसाय राम्रै चलेको छ । ऋण समयमा नै तिरिएको छ । कोठा भाडाको लागि तिर्नु पर्ने रकम अहिले बैंकलाई बुझाएको छु ।”

# गरिबलाई बैंकले लोन दिँदैन - ओमप्रकाश घर्ती

बालबालिकाहरुको उज्ज्वल भविष्य र सुखद अनि सहज जीवनको सपना बोकेर पहाडी जिल्ला सल्यानबाट कोहलपुर झरेका ओमप्रकाश घर्तीको परिवारले कोहलपुर मै एलानी जग्गा खरिद गरि माटोको झुप्रा बनाएर आफ्नो टाउको लुकाउने ठाउँसम्म बनाउन सके । "घर बनाउने सोच थियो, पैसा नभएपछि कसरी सकिन्थ्यो र ?" ओमप्रकाश घर्ती भन्दै थिए । सल्यानबाट मधेशमा आउनु परेको कारण खोल्दै ओमप्रकाश भन्दै थिए, "सुविधाको कारण यता सर्नु पर्‍यो । पहाडमा स्कुल, हेल्थ पोष्ट नजिक थिएन । बच्चाहरुलाई पढाउन असुविधा भएको कारण यहाँ आएको ।"

**घर बनाउने सोच थियो, पैसा नभएपछि कसरी सकिन्थ्यो र ?**



पहाडको जीवन त्यति सहज नभएर मधेशमा आएका ओमप्रकाश घर्ती र उनकी पत्नी सुनिता घर्ती दैनिक ज्यालादारी गरेर आफ्ना दुई सन्तान हुर्काइरहेका रहेका छन् । कमाईकै लागि ओमप्रकाश भारतमा पनि पुगे र केही समय उतै बसेर ज्यालादारी काम गरे । उनी नेपाल फर्किएको ३/४ वर्ष भएको छ । "अहिले कल कारखाना यहाँ पनि छ काम गर्न सुविधा नै छ भनेर यता काम गर्न थालेको । यता काम गर्दा बालबच्चाको पनि हेरचाह गर्न पाउने र सुविधा पनि उस्तै उस्तै हो भनेर यतै बसेको ।" ओमप्रकाश भन्दै थिए ।



भारतबाट आफ्नै ठाउँमा आइसकेपछि पनि ओमप्रकाशले ऐलानी जग्गामा नयाँ घर बनाउने सोचका साथ स्थानीय बैंकहरुबाट ऋणको लागि प्रयास नगरेका होइनन् तर ऋण पाउन भने सकेनन् । गरिबलाई बैंकहरुले नपत्याउने उनको ठहर छ । उनी भन्दै थिए, "हामी जस्तो गरिबलाई बैंकले लोन दिने कुरा पनि भएन । एक त ऐलानीमा बस्ने त्यसपछि कसैले सहयोग गर्थेन होला ।"

**हामी जस्तो गरिबलाई बैंकले लोन दिने कुरा पनि भएन ।**

सोच भए पनि आर्थिक अभावका कारण घर बनाउन नसकेका ओम प्रकाशले अहिले भने स्थानीय बसोबास महिला बचत तथा ऋण सहकारी संस्थाबाट एक लाख पचास हजार रुँपैया आवास कर्जा र आफूसंग भएको पचास हजार रुँपैया मिलाएर दुई कोठे घर बनाइसकेका छन् । लुमन्ति आवासको लागि सहयोग समूहले कोहलपुरका न्यून आय भएका परिवारलाई लक्षित गरेर आवास कार्यक्रम संचालन गरेपछि उक्त सहकारीबाट ओमप्रकाशले ऋण पाएका हुन् । पहिला माटोको झुप्रा अनि टाइलको छानो हुँदा घामपानीको समस्या हुने, टाइलबाट पानी चुहिने र भुईबाट चिसो हान्ने भएकोले निकै समस्या पर्ने गरेको ओम बताउँछन् । तर अहिले त्यस्तो समस्याबाट मुक्त भएको र बालबालिकाको स्वास्थ्यमा पनि विगतको तुलनामा त्यति समस्या नभएको उनको अनुभव छ ।





LUMANTI
SUPPORT GROUP FOR SHELTER

Homeless International